काठमाडौं, नेपालगन्ज, विराटनगर, पोखरा र बुटवलबाट एकसाथ प्रकाशित

# नागरिक
दैनिक

**आर्थिक**
अन्नपूर्ण आधार शिविरसम्मको पदमार्ग खुलाउँदै स्थानीय

**समाचार**
कप्तानगन्ज घटना छानबिन निचोड, 'प्रहरीले नै गोली चलाएको हो'



**बढ्दै फिफाको आन्तरिक विवाद**
फिफाका प्रमुख सञ्चालन अधिकृत (सिओओ) केभिन लामोरले पद छाडेपछि फुटबलको सर्वोच्च निकायभित्र आन्तरिक विवाद थप बढ्ने भएको छ ।

वर्ष १८, अंक १०२, पृष्ठ ८, बुधबार, ३ भदौ २०८३, श्रावण शुक्लपक्ष सप्तमी, Wednesday, 19 August 2026, नेपाल संवत् ११४६, मूल्य- १०/- nagariknews.com

# सरकारप्रति कांग्रेस असन्तुष्ट

**नागरिक संवाददाता**
*काठमाडौं, भदौ २*

प्रमुख प्रतिपक्षी नेपाली कांग्रेसले सरकारको शासकीय कार्यशैलीप्रति प्रश्न उठाउँदै संसद्, जनप्रतिनिधि र नागरिकप्रति पूर्ण जवाफदेही बन्न माग गरेको छ। साउन २४ मा सुरु भई सोमबार सकिएको केन्द्रीय समिति बैठकको निर्णय मंगलबार सार्वजनिक गर्दै कांग्रेसले पारदर्शी र परिणाममुखी शासन सञ्चालनको माग गरेको हो। सरकारलाई संसद्प्रति जवाफदेही बन्न, शासकीय अराजकता अन्त्य गर्न, संविधान र कानुनको सीमाभित्र रहेर शासन चलाउन पनि उसले आग्रह गरेको छ।

> कांग्रेसले संविधान संशोधनलाई आवश्यकताअनुसार अघि बढाउन सकिने भए पनि त्यसका लागि नागरिकको अपनत्व, अधिकार, प्रतिनिधित्व र राज्यप्रतिको विश्वास सुनिश्चित हुनुपर्ने जनाएको छ।

प्रतिनिधिसभामा सांसदहरूले नेपालको सार्वभौमसत्ता र विदेश नीतिका विषयमा प्रधानमन्त्रीसँग पटकपटक जवाफ माग गरे पनि सरकारले त्यसलाई बेवास्ता गर्दै आएको कांग्रेसको आरोप । संसद् तथा संसदीय समितिलाई लोकतान्त्रिक उत्तरदायित्वका महत्त्वपूर्ण संस्था भएको जनाउँदै कांग्रेसले संसद्मा जनप्रतिनिधिको भाषा, व्यवहार र प्रस्तुति तथ्य, शिष्टता र संसदीय मर्यादामा आधारित हुनुपर्नेमा जोड दिएको छ। सरकारका गतिविधिले निजी क्षेत्रलाई आतंकित बनाएको जनाउँदै कांग्रेसले राज्य र निजी क्षेत्रबिच अविश्वास होइन, सहकार्य र सहजताको वातावरण बनाउनुपर्ने जनाएको छ। व्यावसायिक गतिविधिलाई अनावश्यक रूपमा अपराधीकरण गर्ने कानुनी व्यवस्था पुनरवलोकन गर्न, उद्यममैत्री कानुन र स्थिर कर नीति ल्याउन तथा लगानीको सुरक्षा सुनिश्चित गर्न पनि कांग्रेसले माग गरेको छ। बैंकिङ प्रणालीमा रहेको निष्क्रिय तरलतालाई उत्पादन, पूर्वाधार तथा साना मझौला उद्यममा परिचालन गर्नसमेत ध्यानाकर्षण गराएको छ।

कांग्रेसले ग्यास अभाव, दैनिक उपभोग्य वस्तुको मूल्यवृद्धि तथा आपूर्ति व्यवस्थापनमा सरकार कमजोर देखिएको आरोप लगाएको छ। ग्यासको आयात, भण्डारण र वितरणमा देखिएका कमजोरी तत्काल सुधार गर्न तथा दाल, चामल, चिनी र खानेतेललगायत वस्तुको अस्वाभाविक मूल्यवृद्धि नियन्त्रण गर्न प्रभावकारी बजार अनुगमन र आपूर्ति व्यवस्थापन गर्न सरकारसँग माग गरेको छ।

त्यस्तै किसानलाई मल र बिउ उपलब्ध गराउने प्रतिबद्धता कार्यान्वयन गर्न र बिजुलीमा लगाइएको भ्याट फिर्ता गर्न पनि कांग्रेसले सरकारको ध्यानाकर्षण गराएको छ। सरकारले विभिन्न पेसा, व्यवसाय र संघसंस्थासँग गरेका सहमति कार्यान्वयन नगरेको भन्दै कांग्रेसले ती सम्झौता तत्काल कार्यान्वयन गर्न माग गरेको छ। मनसुनजन्य बाढी, पहिरो र डुबानबाट हुने क्षति न्यूनीकरणका लागि विपद् आएपछि उद्धार गर्नेभन्दा जोखिम न्यूनीकरण र पूर्वतयारीलाई राज्यको नियमित शासन प्रणालीकै अंग बनाउनुपर्ने जोड दिएको छ। कांग्रेसले संविधान संशोधनलाई आवश्यकताअनुसार अघि बढाउन सकिने भए पनि त्यसका लागि नागरिकको अपनत्व, अधिकार, प्रतिनिधित्व र राज्यप्रतिको विश्वास सुनिश्चित हुनुपर्ने जनाएको छ।

बैठकले पार्टीको १५औं महाधिवेशन असोज १६ देखि १९ गतेसम्म काठमाडौंमा गर्ने निर्णयसमेत यथावत् राखेको छ।

### पश्चिम सेती जलविद्युत् परियोजना

# चार दशकदेखि अध्ययनमै सीमित

**दिलबहादुर छत्याल**
*धनगढी, भदौ २*

सुदूरपश्चिमका बासिन्दाको सपना बनेको पश्चिम सेती परियोजना ४४ वर्षदेखि अध्ययनमै सीमित छ। चार दशक बढी समयदेखि पश्चिम सेती परियोजना अध्ययनमै सीमित रहेको डडेल्धुराबाट प्रतिनिधिसभा सदस्य डा. तारा जोशीले बताए।

'मैले पहिलो पटक प्रतिनिधिसभा बैठकमा बोल्दा पनि पश्चिम सेती परियोजनाको कुरा उठाएको छु,' जोशीले भने, 'चार दशकदेखि अहिलेसम्म यो अध्ययनमै सीमित छ। अझै पनि यो आयोजना बन्ने टुंगो लागेको छैन।'

> सुदूरपश्चिमको समृद्धि मात्र नभई देशकै गौरवको आयोजना रहेको पश्चिम सेती परियोजना चार दशकसम्म निर्माण नहुनुमा भूराजनीतिक चासो पनि कारक छ। भूराजनीतिक चासोको दबाबले पनि परियोजना पटकपटक सम्झौता भएर पनि निर्माण चरणमा प्रवेश गर्न नसकेको हो।

भारतीय कम्पनीले पनि अहिले अध्ययन मात्र गरिरहेको बताएकाले अझै निर्माणको निश्चितता नरहेको उनको भनाइ छ। सुरुमै बनेको भए आयोजनाको लागत कम हुने थियो तर लम्बिँदै जाँदा लागत पनि बढ्दै गएको उनी बताउँछन्।

पछिल्लो पटक २०७९ भदौ ५ गते पश्चिम सेती परियोजनाको सर्वेक्षणका लागि भारतीय कम्पनी एनएचपिसी लिमिटेड इन्डियालाई अनुमतिपत्र दिइएको थियो।

बाँकी पृष्ठ २

## गौरवका सिँचाइ योजना पाँच वर्षभित्रै निर्माण

**मधुजंग पाण्डे**
*काठमाडौं, भदौ २*



सिक्टा सिँचाइ आयोजनाको बाँध। *तस्बिर : नागरिक*

सरकारले लगभग चार दशकअघि नै सुरु भएका राष्ट्रिय गौरवका पाँच आयोजना दुईदेखि पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिएको छ। तीमध्ये बबई सिँचाइ र भेरी-बबई सिँचाइ आयोजनाको काम आगामी दुई वर्षभित्र सक्ने लक्ष्य लिइएको छ। यसैगरी सुनकोसी-मरिन, सिक्टा सिँचाइ र रानी जमरा-कुलरिया सिँचाइ आयोजनाको काम आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

विविध कारणले यसअघि लामो समय अलपत्र परेका यी गौरवका आयोजनाको सुस्त निर्माण गतिलाई अहिले विशेष महत्त्वका रूपमा हेरिएको छ। सरकारले आगामी दुईदेखि पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य नै लिएर यी पाँच आयोजनाको निर्माण रफ्तारमा काम अघि बढाएको बताइएको छ। राष्ट्रिय गौरवका पाँच सिँचाइ आयोजना आगामी दुईदेखि पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखिएको ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले जनाएको हो।

मन्त्रालयमा मंगलबार आयोजित राष्ट्रिय गौरवका सिँचाइ आयोजनाहरूको हालसम्मको अवस्था र आगामी लक्ष्यबारे सम्बन्धित आयोजना प्रमुखहरूसँगको छलफलपछि भएको संक्षिप्त प्रेस ब्रिफिङमा ऊर्जा मन्त्रालयका योजना महाशाखा प्रमुख एवं सहसचिव इन्जिनियर मोहनकुमार शाक्यले यस्तो जानकारी गराएका हुन्। ऊर्जा मन्त्रालयले राष्ट्रिय गौरवका सिँचाइ आयोजनालाई निश्चित समयसीमाभित्र सम्पन्न हुने गरी कार्ययोजना अघि सारेको बताएको छ। शाक्यले राष्ट्रिय गौरवका विभिन्न आयोजनाको प्रगति, समस्या र चुनौतीको समीक्षा गर्दै निश्चित समयसीमाभित्र आयोजना सम्पन्न हुने गरी कार्ययोजना तयार गरिएको जानकारी गराए।

मन्त्रालयले उर्जामन्त्री विराजभक्त श्रेष्ठको अध्यक्षतामा सचिव, महाशाखा प्रमुख, सल्लाहकार तथा सचिवालयका प्रतिनिधि, आयोजना प्रमुख र जलस्रोत तथा सिँचाइ विभागका महानिर्देशक तथा उपमहानिर्देशकसहितको बैठकले यी पाँच वटा राष्ट्रिय गौरवका आयोजनाको अवस्थाबारे समीक्षा गरेको थियो।

३८ वर्षअघि ठेक्का सम्झौता भई आर्थिक वर्ष २०४५/४६ बाट निर्माणको काम सुरु भएको बर्दियास्थित बबई सिँचाइ आयोजनाको निर्माण कार्य अन्तिम चरणमा पुगेको र आगामी दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्य लिएको मन्त्रालयले जनाएको छ। मन्त्रालयका अनुसार ३६ हजार हेक्टरमा सिँचाइ सुविधा पुर्‍याउने लक्ष्य रहेको यस आयोजनाबाट हालसम्म २८ हजार ८०० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ।

बाँकी पृष्ठ २



जेनजी विद्रोहका क्रममा अघिल्लो वर्षको भदौ २४ गते प्रदर्शनकारीले आगो लगाएर क्षति पुर्‍याएको मुलुकको प्रमुख प्रशासकीय भवन सिंहदरबार पुनर्निर्माणको प्रतीक्षामा। *तस्बिर : द्वारिका काफ्ले/नागरिक*

# सडक पहुँचबाहिर कर्णालीका आठ पालिका

**नगेन्द्र उपाध्याय/ललित विष्ट**
*सुर्खेत/कालिकोट, भदौ २*

कर्णाली प्रदेशअन्तर्गत पर्ने डोल्पा जिल्लाको डोल्पोबुद्ध गाउँपालिका-६ का २१ वर्षीय दोर्जे गुरुङलाई नागरिकता बनाउन सदरमुकाम आइपुग्न तीन दिन लाग्यो। चौथो दिन नागरिकता बनाएर घर पुग्दा एक साता भइसकेको थियो। डोल्पोबुद्धको जिल्ला सदरमुकाम दुनैसम्म यातायातका साधन चल्ने सडक पहुँच छैन। त्यहाँका बासिन्दा जोखिमपूर्ण भूगोलको गोरेटो हुँदै प्रशासनिकलगायत काम लिन सदरमुकाम पुग्छन्।

'भौगोलिक विकटताका कारण साँघुरो गोरेटो बाटोमा ज्यान जोखिममा राखेर सदरमुकाम आउजाउ गर्नुपर्ने बाध्यता छ,' दोर्जेले भने, 'घरबाट सदरमुकाम पुग्नै तीन दिन पूरा लाग्छ।' मोटर गुड्ने सडक नहुँदा साँघुरो गोरेटोमा मानिस र खच्चडबाट खाद्यान्नलगायत ढुवानी गर्नुपर्छ। दोर्जेका लागि सदरमुकाम मात्रै टाढा होइन्, गाउँदेखि पालिका केन्द्र धोसम्म पुग्न पनि एक दिन लाग्छ। डोल्पोबुद्ध गाउँपालिकाका उपाध्यक्ष पेम्मा धोर्चे गुरुङका अनसार पालिका केन्द्र धोदेखि सदरमुकाम दुनै पुग्न तीनदेखि पाँच दिनसम्म हिँड्नुपर्ने बाध्यता छ। डोल्पोबुद्धलाई सदरमुकाम दुनै र राष्ट्रिय सडक सञ्जालसँग जोडिन अझै केही वर्ष लाग्ने छ। सदरमुकाम दुनैदेखि लासिक्यापसम्म भेरी करिडोरअन्तर्गत ठेक्का लगाएर काम भइरहेको छ। कडा चट्टानी भूगोल भएकाले कामको प्रगति न्यून छ। कडा चट्टान फुटाउन 'ब्लास्ट' गर्नुपर्ने हुन्छ। अहिलेसम्म नेपाली सेनाबाहेकलाई ब्लास्ट गराउने अधिकार दिइएको छैन।

> डोल्पा जिल्लाको काइके, डोल्पोबुद्ध, छार्काताङसोङ, शेफोक्सुण्डो, मुगु जिल्लाको मुगमकार्मारोङ, कालिकोट जिल्लाका महावै, पलाँता र पचालझरना गाउँपालिका केन्द्रसम्म मोटर गुड्ने सडक पुगेको छैन।

लासिक्यापदेखि सिसोलसम्मको सडक संघीय सरकारले भर्खरै नेपाली सेनालाई जिम्मा दिने निर्णय गरेको छ। 'यति सडक बनेपछि भेरी करिडोरले मात्रै पूर्णता पाउँदैन् तर अहिलेसम्म सडक सञ्जालसँग नजोडिएका डोल्पाका चारवटा गाउँपालिकाको सडकमा पहुँच बढ्छ,' पूर्वाधार विकास कार्यालय डोल्पाका प्रमुख टेक हितानले भने, 'चीनसँग पनि व्यापारिक सम्बन्ध विस्तार हुन्छ।' डोल्पोबुद्धसँगै काइके, छार्काताङसोङ र शेफोक्सुण्डो गाउँपालिका राष्ट्रिय सडक सञ्जालसँग मात्रै होइन्, आन्तरिक सडक सञ्जालमा पनि छैनन्।

बाँकी पृष्ठ २

# जब आमाले छोरालाई बाख्रो उपहार दिइन्...

**नागरिक संवाददाता**
*काठमाडौं, भदौ २*



यसै महिनाको सुरुतिर स्नातक तहको अन्तिम परीक्षा दिएर हलबाट बाहिर निस्कँदै गर्दा प्रोमिस ओकोरो रमाइलो गर्ने मनस्थितिमा थिए।

उनका साथीहरू परीक्षा केन्द्रबाहिरै संगीत बजाएर खुसी मनाउन तम्तयार थिए। उनीहरूले स्नातक तह बिदाइ उत्सवको तस्बिर र भिडियो पनि खिचिरहेका थिए। कतिपय साथीहरूले ओकोरोको सेतो कमिजमा शुभकामना सन्देशहरू लेखिरहेका थिए। त्यही बेला अकोरोकी आमा चिन्येरे एउटा बाख्रा डोर्‍याउँदै त्यहाँ पुगिन्। आमाको अप्रत्यासित आगमनले उल्लासमय त्यो क्षणलाई कहिल्यै नबिर्सने बनाइदियो।

> दक्षिणपूर्वी नाइजेरियाको संस्कृतिसँग अपरिचित मानिसलाई विश्वविद्यालयको पढाइ पूरा गरेको अवसरमा बाख्रा उपहार दिनु असामान्य लाग्न सक्छ। तर त्यहाँको इग्बो समुदायमा बाख्राबाख्रीको गहिरो सांस्कृतिक महत्त्व छ। त्यहाँ बाख्रालाई निकै मूल्यवान् उपहार मानिन्छ प्रायः सम्मान, प्रशंसा र सद्भावना व्यक्त गर्दा बाख्रा दिइन्छ।

फार्मास्युटिकल टेक्नोलोजीका विद्यार्थी २३ वर्षीय ओकोरो केहीबेरमै साथीहरू आमावरिपरि जम्मा भएको देखे। उनकी आमा एउटा बाख्रो लिएर त्यहाँ पुगेकी थिइन्। 'म धेरै खुसी भएँ। म निकै भावुक पनि भएँ,' ओकोरोले बिबिसीलाई भने।

आमाको अप्रत्यासित उपस्थितिलाई लिएर ओकोरो उत्साहित भए। सहपाठीले पनि उनलाई थप उत्साहित बनाए। यो घटनाको भिडियो सामाजिक सञ्जालमा राखियो, जुन तीव्र रूपमा भाइरल भयो, हजारौं मानिसले सकारात्मक प्रतिक्रिया दिए।

दक्षिणपूर्वी नाइजेरियाको संस्कृतिसँग अपरिचित मानिसलाई विश्वविद्यालयको पढाइ पूरा गरेको अवसरमा बाख्रा उपहार दिनु असामान्य लाग्न सक्छ। तर त्यहाँको इग्बो समुदायमा बाख्राबाख्रीको गहिरो सांस्कृतिक महत्त्व छ। त्यहाँ बाख्रालाई निकै मूल्यवान् उपहार मानिन्छ प्रायः सम्मान, प्रशंसा र सद्भावना व्यक्त गर्दा बाख्रा दिइन्छ। परम्परागत विवाह, पारिवारिक समारोह तथा ज्येष्ठ व्यक्ति वा विशेष पाहुनाको सम्मानमा गरिने कार्यक्रममा पनि बाख्राबाख्री उपहार दिने चलन त्यहाँ छ।

ओकोरोले आफूले आमाबाट अनमोल उपहारस्वरुप पाएको बाख्राको नामकरण गरेका छैनन्। सामाजिक सञ्जालमा कतिपयले प्रतिक्रिया दिएका छन्-डिग्री पूरा गर्ने विद्यार्थीले अब यो बाख्रालाई के गर्छन् ? ओकोरोले आफ्नो साथी बनेको उक्त बाख्रालाई कहिल्यै काटेर नखाने बिबिसीसँग बताएका छन्। 'यो अब मेरो पाल्तु जनावर हो। यो मेरा लागि धेरै मूल्यवान् छ। यसलाई मार्ने मेरो कुनै योजना छैन,' उनले भने।

उनको योजना एउटा बाख्री थप्ने र जोडी बनाई प्रजनन गराउने छ। ओकोरोको बाख्रा छात्रवासमा विशेष पाहुना जस्तै गरी बसेको छ। ऊ त्यहाँ स्वतन्त्र रूपमा घुम्छ। उसका आफ्नैखालका विशेष बानी पनि छन्। 'मैले थाहा पाएँ, यसलाई फ्राइड राइस निकै मन पर्छ। मैले छाडेको फ्राइड राइस यसले जसरी चट पार्छ, त्यसबाट थाहा हुन्छ। यो त निकै लोभी छ,' आकोरो हाँस्दै भन्छन्।

बाँकी पृष्ठ २

# गौरवका सिँचाइ योजना पाँच वर्षभित्रै निर्माण



पृष्ठ १ बाट

यस आयोजनाको कुल लागत २६ अर्ब ६९ करोड रुपैयाँ रहेकोमा हालसम्म १८ अर्ब २१ करोड रुपैयाँ खर्च भएको छ। वित्तीय प्रगति ६८.२३ प्रतिशत र भौतिक प्रगति ८१.९७ प्रतिशत पुगेको छ। यो आयोजना आर्थिक वर्ष २०८५/८६ भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ।

पुराना तथा समस्याग्रस्त ठेक्का व्यवस्थापन, हेडवर्क्समा विद्युतीकरण र बर्दिया राष्ट्रिय निकुञ्जसँगको समन्वयलाई यस आयोजनाका प्रमुख चुनौतीका रूपमा लिइएको मन्त्रालयले जनाएको छ। यसैगरी कर्णाली प्रदेशको सुर्खेतमा निर्माण भइरहेको भेरी-बबई डाइभर्सन आयोजनाको कुल लागत करिब ३३ अर्ब २० करोड रुपैयाँ रहेको छ। हालसम्म यस आयोजनामा १९ अर्ब ३० करोड रुपैयाँ खर्च भएको छ। यस आयोजनाको वित्तीय प्रगति ५८.६ प्रतिशत र भौतिक प्रगति ६६.४ प्रतिशत पुगेको छ। निर्माण व्यवसायीका कारण केही ढिलाइ भए पनि पछिल्लो समय कामको गति बढेको मन्त्रालयले जनाएको छ। आगामी दुई वर्षभित्र यस आयोजनाको निर्माणकार्य सम्पन्न हुने गरी कार्ययोजना बनाइएको शाक्यले जानकारी गराए। यसअघि नहर खन्ने क्रममा 'डिस्पर्सिभ स्वाइल' अर्थात् घुलनशील माटोको समस्यालगायत विभिन्न कारणले समयमा काम नभइरहेको कुल लागत ५३ अर्ब रुपैयाँको बाँकेको सिक्टा सिँचाइ आयोजनाको काम अहिले रफ्तारमा अघि बढेको मन्त्रालयले जनाएको छ।

आगामी पाँच वर्षभित्र आयोजना सम्पन्न गर्ने लक्ष्य राखिएको सिक्टा सिँचाइमा हालसम्म २३ अर्ब रुपैयाँ खर्च भएको छ। वित्तीय प्रगति ४४ प्रतिशत र भौतिक प्रगति ५१ प्रतिशत पुगेको छ। यस आयोजनाबाट ४२ हजार सात सय हेक्टर क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउने सरकारको लक्ष्य छ। हालसम्म करिब २५ हजार हेक्टरमा सिँचाइ सुविधा पुगेको छ। यस आयोजनामा घुलनशील माटोका कारण प्राविधिक समस्या देखिएको यस सिक्टा सिँचाइमा देखिएको सो समस्या समाधानका लागि प्राविधिक अध्ययन गरेर काम सम्पन्न गर्ने लक्ष्य राखिएको मन्त्रालयले जनाएको छ। कैलालीमा रहेको रानी जमरा-कुलरिया सिँचाइ आयोजनाबाट ३८ हजार ३०० हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य छ। हालसम्म १३ हजार २०० हेक्टरमा सिँचाइ सुविधा पुगेको छ। यस आयोजनाबाट ४.७ मेगावाट विद्युत्समेत उत्पादन भइरहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार करिब ३० अर्ब रुपैयाँ लागत रहेको यस आयोजनामा अहिलेसम्म २२ अर्ब रुपैयाँ खर्च भएको छ। यस आयोजनाको वित्तीय प्रगति ७३ प्रतिशत र भौतिक प्रगति ७५ प्रतिशत पुगेको छ। कैलालीमा ऐलानी जग्गा प्राप्तिमा देखिएको समस्या यस आयोजनाको प्रमुख चुनौती रहेको मन्त्रालयले बताएको छ। स्थानीयवासीले मुआब्जा तथा क्षतिपूर्तिको विषयमा असन्तुष्टि जनाउँदा जग्गा प्राप्तिमा समस्या भइरहेको र निर्माण सामग्री संकलनमा समेत समस्या रहेको मन्त्रालयले जनाएको छ।

त्यस्तै कञ्चनपुरमा निर्माण भइरहेको महाकाली सिँचाइ आयोजनाको कुल लागत अनुमान करिब ३७ अर्ब रुपैयाँ छ। हालसम्म यस आयोजनामा १० अर्ब ७४ करोड रुपैयाँ खर्च भएको छ। यस आयोजनाको वित्तीय प्रगति ३०.६८ प्रतिशत र भौतिक प्रगति करिब ३१ प्रतिशत छ। महाकाली सिँचाइबाट ३३ हजार ५०० हेक्टरमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य रहे पनि हाल करिब ५ हजार १५५ हेक्टरमा मात्र सिँचाइ सुविधा पुगेको छ। जग्गा प्राप्ति र महाकाली सन्धिअनुसार भारतबाट प्राप्त हुनुपर्ने पानीको अनिश्चितता यस आयोजनाका प्रमुख समस्या रहेको मन्त्रालयले जनाएको छ। आर्थिक वर्ष २०९१/९२ सम्ममा यो आयोजना सम्पन्न गर्ने लक्ष्य लिइएको छ।

बहुप्रतीक्षित सिन्धुली र रामेछापमा निर्माण भइरहेको सुनकोसी-मरिन डाइभर्सन आयोजनाको कामले पनि गति लिएको मन्त्रालयले जनाएको छ। यस आयोजनाको कुल कमान्ड क्षेत्र एक लाख २२ हजार हेक्टर रहेको छ। यस आयोजनाको कुल लागत अनुमान ६१ अर्ब ६५ करोड रुपैयाँ रहेकोमा हालसम्म करिब १७ अर्ब रुपैयाँ खर्च भएको छ। अहिले यस आयोजनाको वित्तीय प्रगति ३७ प्रतिशत र भौतिक प्रगति ३४ प्रतिशत पुगेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार यस आयोजनाको एउटा ठुलो ठेक्का तोडिएपछि करिब २४ अर्ब रुपैयाँको पुनः बोलपत्र आह्वान गरिएको छ। सो बोलपत्र पेस गर्ने अन्तिम समय आगामी भदौ १० गतेसम्म तोकिएको छ। त्यसपछि मूल्यांकन प्रक्रिया अघि बढाइने छ।

मन्त्रालयले सुनकोसी-मरिन डाइभर्सन आयोजना निर्माणको काम आगामी पाँच वर्षभित्र सम्पन्न गर्ने लक्ष्य राखेको जनाएको छ। योजना महाशाखा प्रमुख शाक्यले अहिले सार्वजनिक गरिएका यी आयोजनाहरूको लागत संशोधित लागत भएको जानकारी गराए। उनले विगतमा आयोजना समयमा सम्पन्न हुन नसक्नुमा निर्माण व्यवसायीको ढिलासुस्तीका साथै आयोजनाको 'स्कोप' समयक्रममा बढ्दै जानु पनि प्रमुख कारण रहेको बताए। 'सुरुमा हामी सानो स्कोपबाट आयोजना सुरु गर्छौं र त्यो स्कोप बढ्दै-बढ्दै जान्छ। सम्पूर्ण राष्ट्रिय गौरवका आयोजनाहरूको स्कोप केही बढेकाले त्यतिखेर टार्गेट गरेको आर्थिक वर्षमा सम्पन्न गर्न नसकिएको हो,' शाक्यले भने।

आगामी दिनमा यस्ता आयोजनाको स्कोप, बजेट र कार्यान्वयनलाई निश्चित समय सीमासँग जोडेर अघि बढाउने मन्त्रालयको तयारी छ। मन्त्रीको निर्देशनअनुसार आयोजना तोकिएको समयभित्र सम्पन्न गर्न आवश्यक सहजीकरण, बजेट विनियोजन तथा अर्थ मन्त्रालय र संघीय सरकारसँग समन्वय गरिने मन्त्रालयले स्पष्ट पारेको छ।

# चार दशकदेखि अध्ययनमै सीमित

पृष्ठ १ बाट

लगानी बोर्ड र भारतीय कम्पनीबिच सम्झौता भएको थियो। उक्त कम्पनीले विभिन्न चरणमा अध्ययन गरिरहेको लगानी बोर्डका उपसचिव तथा सूचना अधिकारी मनोज रेग्मीले बताए। भारतीय कम्पनीलाई 'टेक्निकल क्लियरेन्स' दिइसकिएको उनले बताए। २०८३ कात्तिकसम्म सर्वेक्षणको अवधि बाँकी रहेको उनको भनाइ छ। २०८२ भदौ ६ गते बसेको लगानी बोर्डको बैठकले प्रमुख कार्यकारी अधिकृतको संयोजकत्वमा पिडिए (प्रोजेक्ट डेभलपमेन्ट अग्रिमेन्ट) मस्यौदा समिति गठन गरिएको उनले बताए।

**अध्ययनको इतिहास**

२०३६ सालमा फ्रान्सेली कम्पनीले अध्ययन गरी पश्चिम सेतीबाट विद्युत् निकाल्न सकिने प्रस्ताव गरेको थियो। उसले आयोजना निर्माणको अनुमति नपाए पनि अध्ययन गरेको थियो। पछि सन् १९९० मा अस्ट्रेलियन कम्पनी स्मेकलाई तत्कालीन जलस्रोत मन्त्रालयले अध्ययन अनुमति दियो। सन् १९९७ मा सरकार र स्मेकबिच पश्चिम सेती परियोजना निर्माणका लागि सम्झौता भयो। स्मेकले उत्पादित बिजुली भारतलाई बिक्री गर्ने र उत्पादन सुरु भएको ३० वर्षपछि चालु अवस्थामा नेपाल सरकारलाई आयोजना फिर्ता गर्ने बताएको थियो। स्मेकका कर्मचारी आयोजना प्रभावित डोटी, डडेल्धुरा, बझाङ र बैतडीका क्षेत्रमा पनि खटिएका थिए।

स्मेकले आयोजना निर्माण गर्ने कुराबाट स्थानीय बासिन्दा खुसी भए तर त्यो धेरै समय टिकेन। स्मेकले १० पटकसम्म इजाजतपत्र नवीकरण गर्दासमेत निर्माणको काम सुरु गरेन। सरकारले सन् २०११ मा स्मेकसँगको सम्झौता तोड्यो। त्यसपछि २०६८ फागुन १७ गते चिनियाँ जलविद्युत् उत्पादक कम्पनी थ्री गर्जेजसँग आयोजना निर्माण सम्झौता चयो। तत्कालीन ऊर्जा मन्त्रालय र थ्री गर्जेजबिच २०७१ साउनबाट निर्माण सुरु गरेर २०७६ पुसको दोस्रो सातामा आयोजना सम्पन्न गर्ने लक्ष्यसहित सम्झौता भएको थियो। तर थ्री गर्जेजले पनि लामो समयदेखि आयोजना होल्ड राख्यो, काम अघि बढाएन। २०७५ सालमा थ्री-गर्जेजसँगको सम्झौता पनि खारेज गरियो।

प्रभावित क्षेत्र विकासबाट वञ्चित छैन

पश्चिम सेती परियोजनाको चर्चासँगै बझाङ, डडेलधुरा, बैतडी र डोटीका करिब १० हजार बासिन्दा विकासबाट वञ्चित हुनुपरेको छ। परियोजना निर्माण भए बस्ती सार्नुपर्ने भन्दै चार दशकदेखि विकास योजना प्रभावित भएको स्थानीय बताउँछन्। यसबाट करिब तीन हजार घरपरिवार प्रभावित छन्। स्मेक कम्पनीले प्रभावित क्षेत्रका घरपरिवारको लगत लिएर उनीहरूलाई तराईमा जमिन दिने आश्वासनसमेत दिएको थियो। दलका नेताहरूले निर्वाचनपिच्छे पश्चिम सेती परियोजनालाई अजेन्डा बनाउँदै आएका छन्। तर अब पश्चिम सेती परियोजना बन्ने आशा नै मारिसकेको स्थानीय बताउँछन्। सडक, खानेपानी, तटबन्ध, विद्यालयजस्ता विकासका पूर्वाधारमा परियोजना बन्ने भन्दै चार दशकदेखि लगानी भएको छैन।

'पश्चिम सेती परियोजना बनाउने भनेर चर्चा हुन्छ, सम्झौता हुन्छ तर बन्दैन। यसले चार जिल्लाका प्रभावित क्षेत्रका बासिन्दाहरूलाई ठुलो मर्का परेको छ,' पश्चिम सेती परियोजनाका अभियन्ता यादव जोशी भन्छन्, 'पश्चिम सेती पनि बनेन, विकास पनि भएन।' आयोजना बन्ने भनेर अस्पताल, विद्यालय, सडक, खानेपानीलगायत महत्त्वपूर्ण विकासबाट वञ्चित गरिएको उनले बताए। पश्चिम सेतीको आशामा बसेका युवा बुढो भइसक्दा पनि चर्चा उही नै छ। 'प्रभावित क्षेत्रका बासिन्दा चार दशकदेखि चर्चा मात्र हुने पश्चिम सेती पनि नबन्ने र विकास पनि नहुने कुराले निराश छन्,' उनले भने। प्रभावित क्षेत्रमा मान्छे आइरहनाले पनि स्थानीयलाई आशासँगै निराशा थपिने गरेको हो।

**भूराजनीतिक चासो**

सुदूरपश्चिमको स्मृद्धि मात्र नभई देशकै लागि महत्त्वपूर्ण गौरवको आयोजना रहेको पश्चिम सेती परियोजना चार दशकसम्म निर्माण नभई गिजोइलिरहनुमा भूराजनीतिक चासोले पनि काम गरेको जानकारहरूको विश्लेषण छ। नेपाल सरकारको निर्णयले मात्र नभई भूराजनीतिक चासोको दबाबले पनि यो परियोजना सम्झौता हुने निर्माण नहुने अवस्था बनेको हो। नेपालमा ठुला राष्ट्रिय स्तरका आयोजनामा भूराजनीतिक चासो हुने गरेको जानकार बताउँछन्। परियोजना निर्माणपछि उत्पादन भएको बिजुलीको अन्तर्राष्ट्रिय बजारको पनि ग्यारेन्टी नभएकाले पनि समस्या भएको छ।

# प्रत्यक्ष निर्वाचनतर्फ शिक्षक महासंघ

रूबी रौनियार

*काठमाडौं, भदौ २*

नेपाल शिक्षक महासंघको आगामी निर्वाचन सदस्य सबै शिक्षकले प्रत्यक्ष मतदानबाट नेतृत्व छान्ने भएको छ। सरकारले हालै स्वीकृत गरेको शिक्षा नियमावलीको दसौं संशोधनले महासंघको निर्वाचनमा सबै शिक्षकलाई मतदानको अधिकार हुने व्यवस्था गरेको छ। सोहीअनुसार महासंघले विधान संशोधन गरी स्वीकृतिका लागि शिक्षा मन्त्रालय पठाएको अध्यक्ष लक्ष्मीकिशोर सुवेदीले बताए।

'हालसम्म महासंघको नेतृत्व चयनमा सम्बन्धित आबद्ध तथा सम्बद्ध शिक्षक संस्थाबाट प्रतिनिधि पठाउने र ती प्रतिनिधिमार्फत नेतृत्व चयन गर्ने व्यवस्था थियो,' अध्यक्ष सुवेदीले भने, '२०८१ सालमा सम्पन्न महासंघको दोस्रो महाधिवेशनमासमेत प्रत्यक्ष निर्वाचन नभई आबद्ध १४ घटकले आफ्ना तर्फबाट पदाधिकारी तथा सदस्यको नाम पठाउने प्रक्रिया अपनाइएको थियो। अब सबै शिक्षक मतदाता हुने र नेतृत्वका लागि प्रत्यक्ष मतदान गर्ने व्यवस्था राखेर स्वीकृतिकन लागि विधान शिक्षा मन्त्रालयमा पठाइएको छ।'

उनका अनुसार शिक्षक महासंघका परिषद्ले संशोधन गरेको विधान हाल शिक्षा तथा खेलकुद मन्त्रालयमा स्वीकृतिका लागि पठाइएको हो। नेपाल शिक्षक महासंघको हालको विधान २०७१ मा जारी भई २०७६ मा दोस्रो संशोधन भएको थियो। यसको संरचना विभिन्न शिक्षकका पेसागत संस्थाको सहभागितामा आधारित छ। 'यसअघिको प्रणालीमा महासंघको केन्द्रीय नेतृत्वमा शिक्षकको प्रत्यक्ष मतभन्दा पनि आबद्ध संस्थाको प्रतिनिधित्व महत्त्वपूर्ण हुने गरेको थियो,' सुवेदी भन्छन्, 'यही कारण महासंघको नेतृत्व चयनमा आम शिक्षकको प्रत्यक्ष सहभागिता नभएको भन्दै समयसमयमा शिक्षकहरूले आवाज उठाउँदै आउनुभएको थियो।'

शिक्षा नियमावलीमा भएको संशोधनले सिद्धान्ततः सबै शिक्षकलाई मतदानको अधिकार सुनिश्चित गरे पनि त्यसलाई व्यवहारमा लागु गर्न महासंघको विधान संशोधन आवश्यक हुन्छ। नियमावलीमा महासंघको निर्वाचनसम्बन्धी व्यवस्था महासंघकै विधानमा उल्लेख हुने र विधान दर्ता गर्नुअघि शिक्षा मन्त्रालयको सहमति आवश्यक पर्ने व्यवस्था गरिएको महासंघका महासचिव तुला थापाले बताए। मन्त्रालयको स्वीकृति नलिइएको अवस्थामा नियम प्रारम्भ भएको ३० दिनभित्र विधान स्वीकृतिका लागि पेस गर्नुपर्ने व्यवस्था पनि छ। नियमावलीमा भएको संशोधनले सबै शिक्षक महासंघको सदस्य हुने र सबैलाई मतदानको अधिकार हुने व्यवस्थाअनुसारै महासंघले विधान संशोधन गरेको हो। 'प्रत्यक्ष निर्वाचन प्रणालीमा जाँदा महासंघमा आबद्ध विभिन्न संघसंस्थाको अस्तित्व नमेटिने गरी व्यवस्था मिलाइएको छ,' महासचिव थापाले भने, '५१ प्रतिशत प्रत्यक्ष र ४९ प्रतिशत समानुपाति प्रणालीबाट छानिने व्यवस्थासहितको संशोधित विधान मन्त्रालयमा बुझाएका छौं।'

प्रत्यक्ष निर्वाचन भएमा महासंघको नेतृत्व चयनमा शिक्षक संगठनहरूको मात्र प्रभाव रहने अवस्था कमजोर हुन्छ। देशभरका शिक्षकले उम्मेदवारलाई प्रत्यक्ष मत दिने भएकाले नेतृत्व संगठनभन्दा पनि आमशिक्षकप्रति बढी उत्तरदायी हुनुपर्ने अपेक्षासहित मन्त्रालयले नियमावलीमा प्रत्यक्ष निर्वाचनको व्यवस्था गरेको हो। प्रत्यक्ष निर्वाचनसँगै केही व्यावहारिक चुनौती पनि देखिएको अध्यक्ष सुवेदीको विश्लेषण छ। देशभरका शिक्षकको मतदाता सूची कसरी तयार गर्ने, मतदान कसरी सञ्चालन गर्ने, उम्मेदवारीको मापदण्ड के हुने, निर्वाचन खर्च कसरी व्यवस्थापन गर्ने, अनलाइन वा भौतिक मतदानको व्यवस्था कसरी गर्ने, शिक्षकका विभिन्न संगठनबिचको प्रतिनिधित्व कसरी सुनिश्चित गर्ने भन्ने विषय संशोधित विधानमा स्पष्ट पारिएको सुवेदीले जनाए। विशेषगरी महासंघ विभिन्न शिक्षक संगठनको साझा संस्था भएकाले प्रत्यक्ष निर्वाचनले पुराना संगठनको प्रतिनिधित्व र आमशिक्षकको प्रत्यक्ष मतबिच सन्तुलन कायम गर्ने चुनौती थप्नेछ।

प्रत्यक्ष निर्वाचन तयारीलाई महासंघको संगठनात्मक संरचनामा आउन लागेको ठुलो परिवर्तनका रूपमा हेरिएको छ। पछिल्लो समय महासंघले जिल्ला तहसम्म आफ्नो संरचना विस्तार गर्न थालेको छ। प्रत्यक्ष निर्वाचनले महासंघलाई सीमित शिक्षक संगठनका प्रतिनिधिको संयन्त्रबाट आम शिक्षकको प्रत्यक्ष जनादेश प्राप्त गर्ने संस्थाका रूपमा रूपान्तरण गर्ने छ।

महासंघका अध्यक्ष सुवेदीले नियमावलीले शिक्षकको तीन वर्षसम्म सरुवा नहुने र पदाधिकारीको काज हटाएकाले विरोधमा उत्रिनुपर्ने अवस्था आएको बताए। उनले शिक्षकका माग सम्बोधन नभए भदौदेखि आन्दोलनमा उत्रिने चेतावनी यसअघि नै दिएका थिए। महासंघको साउन १६ र १७ गते बसेको केन्द्रीय परिषद् बैठकले सरकारसँग भएका सहमति कार्यान्वयन नभए चरणबद्ध आन्दोलन गर्ने निर्णय गरेको छ।

महासंघले शिक्षा नियमावलीका केही प्रावधानले शिक्षक बढुवा, सेवासुविधा तथा ट्रेड युनियन अधिकारमा असर पारेको भन्दै असन्तुष्टि जनाउँदै आएको छ। साथै विगतमा सरकारसँग भएका सहमति कार्यान्वयन र संघीय शिक्षा ऐन जारी गर्न पनि महासंघले माग गरेको छ। 'महासंघका अध्यक्ष, सहअध्यक्ष, महासचिव र उपमहासचिवलाई तीन वर्ष काजको व्यवस्था छ,' सुवेदीले भने, 'तर शिक्षा नियमावलीले त्यो व्यवस्था हटाएर महासंघमाथि नै प्रहार गर्न खोजेको छ। त्यस्तै सामुदायिक विद्यालयका शिक्षक स्थायी भएको तीन वर्षसम्म सरुवा नहुने व्यवस्थाले समग्र विद्यालय शिक्षाको गुणस्तरमै नकारात्मक असर पर्छ।'

# जब आमाले छोरालाई बाख्रो उपहार दिइन्...

पृष्ठ १ बाट

अब उक्त बाख्रा एक किसिमले सेलिब्रिटी बनिसकेको छ र ओकोरोसँगै नजिकैको एउटा सुपरमार्केटमा पनि पुगेको छ। त्यहाँ बाख्राको तस्बिर खिच्न भिड लाग्छ। 'होस्टलबाट नजिकैको मलसम्म कारमा मसँगै ऊ गयो। ऊ अहिले सेलिब्रिटी भइसकेको छ। मभन्दा पनि लोकप्रिय छ तर अलिकति पनि घमण्डी छैन,' ओकोरोले भने, 'म यसलाई साँझपख वरपरको गल्लीमा घुमाउन पनि लैजान्छु।'

ओकोरोले आमाबाट नयाँ साथीका रुपमा बाख्रा मात्र पाएनन्, प्रशंसा पनि पाएका छन्। यो उपहारमार्फत आफूले छोरालाई 'मलाई तिमीमाथि गर्व छ' भन्न खोजेको र सबैले यो थाहा पाउन भन्ने चाहेको आमा चिन्येरेले बिबिसीलाई बताइन्। उनी छोरालाई बाख्रा उपहार दिन एक घण्टा बढी यात्रा गरेर कलेज पुगेकी थिइन्। उनले कुनै समय छोरालाई चम्किलो नयाँ कार किनिदिने सपना देखेकी थिइन्। 'मसँग कार किन्ने पैसा भएन। त्यसैले यो सानो उपहार किनेर दिएँ,' उनले भनिन्। गाउँमा चिन्येरेको सानो पसल छ, जहाँ उनी खानेकुरा र पेय पदार्थ बेच्छिन्। आर्थिक दबाबका बिच पनि उनले छोरालाई कलेज पढाइन्। उनले छोरा विश्वविद्यालयमा भर्ना भएर पढाइमा ध्यान दिएमा, गुण्डागर्दी नगरेमा र झगडाबाट टाढा रहेमा उपहार दिने वाचा गरेकी थिइन्। अहिले आमाछोरा दुवैले आफ्नो वाचा पूरा गरेका छन्।

उनले १ लाख २० हजार नाइरा (करिब १३ हजार ३ सय नेपाली रुपैयाँ) मा त्यो बाख्रो किनेकी थिइन्। 'जब म त्यहाँ पुगें र ठुलो उत्सव तथा होहल्ला सुनें, मेरो मन खुसी भयो। मेरो छोरालाई देखेर झनै खुसी लाग्यो,' उनले भनिन्। ओकोरो पनि आमासँग निकै नजिक छन्। 'मेरी आमा निकै असल हुनुहुन्छ। म उहाँलाई केही पनि लुकाउन सक्दिनँ। उहाँले कुनै कुरामा दुविधा हुँदा सधैं मलाई फोन गरेर मेरो राय सोध्नुहुन्छ,' उनले भने।

ओकोरोले आफूले सधैं नाइजेरियाका बिरामीलाई सहयोग गर्न चाहेको बताए। पढाइ सकेपछि अधिक विद्यार्थी राम्रो अवसरको खोजीमा विदेश जाने गरेको उनलाई थाहा छ। देशमै बस्नेले भने प्रायः कठिन परिस्थितिमा काम गर्नुपर्छ। उनी नाइजेरियामै बस्न चाहन्छन्। चुनौतीपूर्ण अवस्थामा रहेको देशको स्वास्थ्य प्रणाली सुधार गर्न उनी योगदान दिन चाहन्छन्। उनी परीक्षा नतिजा राम्रो आउने आशामा छन्। उनका लागि पढाइको उद्देश्य केवल प्रमाणपत्र प्राप्त गर्नु होइन। उनकी आमा छोरा स्नातक भएको क्षणको पर्खाइमा छन्। 'उहाँले जसरी मलाई सरप्राइज उपहार दिनुभयो, अब म पनि उहाँलाई सरप्राइज दिनेछु,' ओकोरोले भने।

गाउँबाट छोराका लागि प्रेमपूर्वक ल्याइएको एउटा खैरो बाख्रो अहिले सामाजिक सजालमा हजारौं मानिसलाई जोड्ने कथा बनेको छ। सामाजिक सञ्जालमा सबैले यसलाई खुसीका क्षणका रुपमा हेरेका छन्। (बिबिसी)

# सडक...

पृष्ठ १ बाट

एउटा वडाबाट अर्कोमा जान र सदरमुकाम दुनै जान हिँड्नुपर्छ। भेरी करिडोरभित्रै पर्ने यी गाउँपालिकामा सडक पुऱ्याउन भेरी करिडोरले ठेक्का लगाएको दुनैदेखि लासिक्यापसम्म र लासिक्यापदेखि सिसोलसम्म सेनाले जिम्मा पाएको सडक बन्नुपर्छ। यसो भएमा माथिल्लो डोल्पाका यी चार पालिकाका बासिन्दा मोटर गुड्ने सडकको पहुँचमा पुग्नेछन्। छार्कताङसोङ गाउँपालिकाको सिमानासम्म मुस्ताङबाट सडक जोडिएको छ। त्यहाँबाट पालिकाको केन्द्र कागकोटसम्म सडक पुऱ्याउन पालिकाको बजेटले सम्भव छैन्। छार्कताङसोङ गाउँपालिका-५ का याम्बा गुरुङले जीवन भारी बोकेरै बिताए। उनी भन्डन्, 'गाउँमा सडक आए छोरानाति पुस्ताको पिठ्युँबाट भारी हट्ने थियो। हामीलाई त अझै पनि नुन चामलकै दुःख छ। गाउँसम्म सडक आए छोरानातिलाई सुविस्ता हुन्थ्यो।' याम्बाको गाउँदेखि सदरमुकाम दुनै पुग्न तीनदेखि चार दिन र पालिका केन्द्र कागकोट पुग्न सातदेखि आठ घण्टा लाग्छ। छार्कताङसोङ गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत विशाल पौडेलका अनुसार भेरी करिडोरको काम कछुवा गतिमा भइरहेकाले कहिलेसम्म सडक बन्छ टुंगो छैन। गाउँपालिकाले गाउँमा पुल र केही वडामा गरी ५५ किलोमिटर सडक निर्माण गरेको छ। एउटा वडादेखि अर्को वडामा पुग्न तीनदेखि चार दिन हिँड्नुपर्ने पौडेलले बताए। 'पैदलयात्रा गरेर सबै वडामा पुग्न त झनै सास्ती छ, एक कर्मचारीलाई सबै वडामा पुग्न ५० हजार रुपैयाँ खर्च हुन्छ,' उनले भने, 'मलाई लाग्छ यो गतिमा सडक निर्माण हुने हो भने अझै १० वर्ष लाग्छ सडक सुविधा पाउन।' राज्यले माथिल्लो डोल्पालाई चासोपूर्वक नहेरेको अनुभूति आफूलाई भएको पनि उनले बताए।

प्रमुख जिल्ला अधिकारी जुनु हमालले सडकमा पहुँच नहुँदा डोल्पाको उपल्लो क्षेत्रका तीन वटा पालिकाका बासिन्दाले धेरै सास्ती पाएको बताइन्। 'स्वास्थ्य उपचारदेखि खाद्यान्नको जोहो गर्नसम्म समस्या छ,' उनले भनिन्।

डोल्पा मात्रै होइन्, मुगुको मुगुमकार्मारोङ गाउँपालिका पनि राष्ट्रिय सडक सञ्जालसँग जोडिएको छैन। चीनसँग जोडिने गमगढी-नाक्चेनाग्ला सडकको काम कछुवा गतिमा हुँदा मुगमकार्मारोङ सदरमुकाम गमगढीसँग सडक सञ्जालबाट जोडिन सकेको छैन्। कर्णालीका ७९ वटा स्थानीय तहमध्ये तीन जिल्लाका आठ स्थानीय तह राष्ट्रिय र मोटर गुड्ने सडक सडक सञ्जालबाट बाहिर छन्। डोल्पाको काइके, डोल्पोबुद्ध, छार्कताङसोङ, शेफोक्सुण्डो, मुगुको मुगमकार्मारोङ, कालीकोटका महावै, पलाँता र पचालझरना गाउँपालिका केन्द्रसम्म सडक पुगेको छैन। महावै गाउँपालिकाका अध्यक्ष खेमबहादुर सिंहले पालिका केन्द्र र सबै वडामा सडक पुग्न नसकेको बताए। 'पालिका केन्द्र जोड्ने सडक बनिरहेको छ,' उनले भने। पचालझरना गाउँपालिकाका २, ३, ५ वडा तथा गाउँपालिका केन्द्रमा सडक पुग्न बाँकी छ। गाउँपालिकाका उपाध्यक्ष अल्किना बमले कर्णाली नदीमा पुल नहुँदा सबैले सास्ती भोग्नुपरेको बताइन्। 'मोटरेवल पुल निर्माण ढिला हुँदा पालिका केन्द्र पडेक्षा र तीनवटा वडामा सडक पहुँच छैन्,' उनले भनिन्, 'स्थानीय सरकारका तर्फबाट ताकेता गरे पनि पुल निर्माणले गति लिन सकेको छैन।'

पलाँता गाउँपालिकालाई सडक सञ्जालसँग जोड्न पनि पुल तगारो बनेको छ। स्थानीय तहले आन्तरिक सडक खने पनि कर्णाली नदीमा पुल नहुँदा पालिका सडक सञ्जालसँग जोडिन नसकेको हो।

# संसद्मा सरकारलाई विधेयक चुनौती

ईश्वरी सुवेदी

*काठमाडौं, भदौ २*

लगातारको राजनीतिक र संसदीय गतिरोधपछि संसद् नियमित लयमा फर्किने संकेत देखिएको छ। संसद् चल्ने वातावरण बनेसँगै अब सरकारसामु त्यसलाई काम दिने चुनौती बढेको हो। जनप्रतिनिधिको थलो संसद्को मूल जिम्मेवारी कानुन निर्माण हो। लामो समय राजनीतिक खिचातानी र अवरोधमा बितेको संसद्ले अब त्यसको क्षतिपूर्ति कामबाट गर्नुपर्ने अवस्था छ। त्यसका लागि सरकारले जनसरोकारका महत्त्वपूर्ण विधेयकलाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने छ।

प्रतिनिधिसभाले भदौ १० गतेसम्मको कार्यतालिका सार्वजनिक गरिसकेको छ। तर हाल दर्ता भएका विधेयकले मात्रै सदनको कामकारबाही धान्न कठिन हुने संसद् सचिवालयको आकलन छ। त्यसैले सरकारले थप विधेयक तत्काल सदनमा दर्ता गर्नुपर्ने देखिएको संसद् सचिवालयले जनाएको छ। प्रतिनिधिसभामा हाल दर्ता भएका नौ विधेयकलाई अघि बढाउँदा भदौ १० गतेसम्म मात्र कामकारबाही धान्न सकिन्छ। साउनको अन्तिममा कानुन मन्त्रालयले १६ विधेयक दर्ता गर्ने तयारी गरेको जानकारी दिए पनि अझै दर्ता गरेको छैन।

भदौमा कम्तीमा सात आठ वटा बैठक बस्ने संसद् सचिवालयले जनाएको छ। यसका लागि सदन चलाउन केही विधेयक दर्ता गर्नुपर्ने हुन्छ संसद् सचिवालयका अधिकारी बताउँछन्। समितिमा सात विधेयक पनि छलफलमा रहेकाले असोजको अन्तिम सातासम्म सदन चलाउने हो भने करिब न्यूनतम पाँचदेखि अधिकतम १० विधेयक भए पुग्ने ती अधिकारीको भनाइ छ। बजेट पारित भइसकेपछि साउनदेखि असोजसम्मको अवधि कानुन निर्माणमा केन्द्रित गर्ने हो भने जति विधेयक दर्ता गरे पनि उनीहरूलाई संसदीय प्रक्रियामा अघि बढाउन सकिने संसद् सचिवालयका अधिकारीहरूको दाबी छ।

सदनको विधायिकी कामकारबाही अघि बढाउने क्रममा सरकारले नौ वटा महत्त्वपूर्ण संशोधन तथा नयाँ विधेयक दर्ता गराइसकेको छ, जुन हाल संसदीय प्रक्रियामा छन्। संसद् सचिवालयका अनुसार साउनभित्रै दर्ता भएका यी विधेयकहरूमा बालअधिकार, मानव बेचबिखन नियन्त्रण, श्रम, अर्थ तथा प्राकृतिक स्रोतको उपयोगसँग सम्बन्धित विषयहरू समेटिएका छन्। कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयको नेपाल कानुन आयोग (पहिलो संशोधन) विधेयक र मेलमिलापसम्बन्धी (दोस्रो संशोधन) विधेयक, महिला, बालबालिका, लैंगिक तथा यौनिक अल्पसंख्यक तथा सामाजिक सुरक्षा मन्त्रालयको बालबालिकासम्बन्धी (पहिलो संशोधन) विधेयक र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) (पहिलो संशोधन) विधेयक, युवा, श्रम तथा रोजगार मन्त्रालयको बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक, अर्थ मन्त्रालयको कर्मचारी सञ्चय कोष (दसौं संशोधन) विधेयक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको खानी तथा खनिज पदार्थ विधेयक, परराष्ट्र मन्त्रालयको राहदानी (पहिलो संशोधन) विधेयक र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयबाट संवैधानिक निकायका पदाधिकारीहरूको पारिश्रमिक, सेवाको सर्त र सुविधासम्बन्धी विधेयक छन्।

खानी तथा खनिज पदार्थ विधेयक सदनबाट स्वीकृत भइसकेकाले सोमबारदेखि संशोधन दर्ताको समय दिइएको छ। राहदानी (पहिलो संशोधन) विधेयक मंगलबार स्वीकृत भएकाले यसको पनि संशोधन दर्ताको समय सुरु भएको छ। बुधबार संसद्मा कर्मचारी सञ्चय कोष (दशौं संशोधन) विधेयक २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव तथा बालश्रम (निषेध तथा नियमित गर्ने) विधेयक २०८३ माथि विचार गरियोस् भन्ने प्रस्ताव पेस हुने कार्यसूची तय भएको छ।

आगामी भदौ १० गते प्रधानमन्त्री-सांसद प्रत्यक्ष प्रश्नोत्तर कार्यक्रम तोकिएसँगै असोजको पहिलो सातामा पनि यस्तै कार्यक्रम तोकिने सम्भावना छ, किनकि प्रतिनिधिसभा नियमावलीअनुसार हरेक महिनाको पहिलो साता प्रधानमन्त्री-सांसद प्रश्नोत्तर कार्यक्रम हुने व्यवस्था छ।

**नबिल बैंक लिमिटेड, सातदोबाटो शाखा, ललितपुरको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना**

**(प्रकाशित मिति: २०८३/०५/०३)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृतिपत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेतागर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ताभुक्तानगर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ताभुक्तान गरी बैंकको कर्जा फरफारक फर्छ्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी तथा अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ। सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ताभुक्तान नगरेमा ऋणकर्जा रकम ऋणी तथा जमानतकर्ता व्यक्ति तथा निजको हकको अन्य चलअचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलामबिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुलउपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी तथा जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ। जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधीभित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ताभुक्तान गर्नका लागि समेत यसै सूचनाद्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम आवश्यक व्यवस्था गरी बैंकले आफ्नो लेना असुलउपर गर्नुका साथै कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ।

**तपसिल**

**ऋणीको नाम र ठेगानाको विवरण**

चेत बहादुर वस्ताकोटी खत्रीकी बुहारी, मदनराज बस्ताकोटी (खत्री)की पत्नि काभ्रेपलाञ्चोक जिल्ला मण्डनपुर न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं.३२ बस्ने, ना.प्र.नं.१२९७०६ (जारी मिति २०६१/०४/१४, स्थान काभ्रेपलाञ्चोक) भएकी **अन्जु बस्ताकोटी खत्री।**

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

पदम बहादुर बस्ताकोटीको नाति, चेत बहादुर वस्ताकोटी खत्रीको छोरा काभ्रेपलाञ्चोक जिल्ला मण्डनपुर न.पा. वडा नं. ५ स्थायी ठेगाना भई हाल काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं.३२ बस्ने, ना.प्र.नं.८२१७९ (जारी मिति २०५५/११/२७, स्थान काभ्रेपलाञ्चोक) भएको **मदनराज बस्ताकोटी (खत्री)।**

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४



इलामको माई नगरपालिका- ६ स्थित आत्मानन्द मार्गमा रहेको रिखुवा खोला पुल। पुल निर्माण र सडक कालोपत्रपछि महमाई, माङ्सेबुङ, फाकफोकथुमका बासिन्दालाई आउजाउ गर्न सहज भएको छ। *तस्बिर : भीम चापागाईं/नागरिक*

### कप्तानगन्ज घटना छानबिन समितिको निचोड

# ‘प्रहरीले नै गोली चलाएको हो’

**अमर खड्का**

*इटहरी, भदौ २*

सुनसरी कप्तानगन्जमा भएको घटना छानबिन गर्न बनेको समितिले प्रहरीले नै गोली चलाएको निचोड निकालेको छ। कप्तानगन्ज घटना छानबिन गर्न गठित गृह मन्त्रालयका सहसचिव भूपेन्द्र थापा नेतृत्वको समितिले गृह मन्त्रालयलाई मंगलबार बुझाएको प्रतिवेदनमा बाहिरी समूह वा घुसपैठ नभई प्रहरीले चलाएको गोली लागेको निचोड निकालेको उल्लेख छ। घटनापछि विभिन्न बाहिरी समूह वा घुसपैठ भएको अनुमान गरिए पनि छानबिन समितिले सूक्ष्मढंगले सबै पक्षलाई भेटेर सोधपुछ गर्दा त्यस्तो नपाइएको जनाइएको छ।

साउन १० गते सुनसरी देवानगन्ज गाउँपालिका- ३ कप्तानगन्जमा दुईपक्षीय झडपलाई नियन्त्रणमा लिन पुगेको प्रहरी टोलीले बाध्यात्मक ढंगले गोली चलाएको प्रतिवेदनमा समेटिएको छानबिन समितिका एक सदस्यले बताए। उनका अनुसार घटना नियन्त्रण गर्न पुगेको प्रहरी टोलीको टाउँकै फुटेको र प्रहरीले बल प्रयोग नगर्दा प्रहरीसँगै अरू अल्पसंख्यक व्यक्तिको समूह पनि मर्ने स्थिति सिर्जना भएपछि गोली चलाएको प्रतिवेदनमा उल्लेख छ। ‘थप मानवीय क्षति हुन नदिन र प्रहरीले आत्मरक्षाका लागि गोली चलाएको पाइयो’, छानबिन समितिका सदस्यले नागरिकसँग टेलिफोनमा भने।

कप्तानगन्जमा नेपाल प्रहरी र सशस्त्र प्रहरीबाट गरी २० राउन्ड गोली चलेको पाइएको छ। दुवैले चलाएको गोलीबाट स्थानीय ओमप्रकाश मेहता, जयप्रकाश मेहता र रवीन्द्र मेहताको मृत्यु भएको थियो। ओमप्रकाशको घटना भएकै राति साउन १० गते, जयप्रकाशको उपचारका क्रममा साउन १४ गते र रवीन्द्रको काठमाडौंमा उपचारका क्रममा साउन १९ गते मृत्यु भएको थियो। सो घटनामा घाइते भएकामध्ये तीनजना अझै उपचार गराइरहेका छन्। तीनजना भने अस्पतालबाट डिस्चार्ज भएका छन्।

कप्तानगन्जमा भएको झडप नियन्त्रणमा लिन इलाका प्रहरी कार्यालय देवानगन्जका प्रहरी निरीक्षक राकेश राई र प्रहरी चौकी कप्तानगन्जका असई प्रकाशकुमार श्रेष्ठ फिल्डमा खटिएका थिए। छानबिन समितिका संयोजक थापाका अनुसार प्रतिवेदनमा २५बुँदे सुझावसहित आगामी दिनमा हुन नदिने उपायसहितको प्रतिवेदन गृह मन्त्रालयलाई बुझाएको हो। उनका अनुसार प्रतिवेदनमा घटना हुनुको कारण, आगामी दिनमा अपनाउनुपर्ने सावधानी र घटनामा संलग्नलाई कारबाही सिफारिस गरिएको छ। गृह मन्त्रालयका सूचना अधिकारी उपसचिव रमा आचार्य (सुवेदी) ले प्रतिवेदनमा उल्लेख भएका पक्षलाई अब अध्ययन गरेर कार्यान्वयन गरिने बताइन्।

कप्तानगन्ज घटना मुस्लिम समुदायको मोहर्रम मेलाका अवसरमा असार १४ गते बजारको बिच भागमा झन्डा गाडिएको थियो। त्यही स्थानमा साउनमा बोलबम परेकाले हिन्दु समुदायले झन्डा गाडेका थिए। यो विवाद वडाध्यक्ष र गाउँपालिका अध्यक्षसम्म पुगेको थियो। साउन १० गते भने बोलबम जान लागेका युवाले देवानगन्ज- ३ मा मन्दिरमा डिजे ठुलो आवाजमा बजाएको विषयलाई लिएर युवाको दुई समूहबिच झडप हुँदा घटना बढेर उग्ररूप लिएको थियो।

कप्तानगन्ज घटनाको विरोधमा सिरहामा पनि एकजनाको मृत्यु भएको थियो। सिरहामा पनि प्रहरीले चलाएको गोली लागेर गणेश यादवको मृत्यु भएको सो घटनामा छानबिन गर्न गठित समितिले अलगै प्रतिवेदन बुझाएको छ। सिरहा घटनाको छानबिन गर्न गृहका अर्का सहसचिव पुष्पराज शाही नेतृत्वको समितिले छानबिन गरेको थियो।

# युरोपको सार्वजनिक वित्तमा जलवायुजन्य क्षतिको अधिक भार

काठमाडौं, भदौ २ (नागरिक)- युरोपमा बढ्दो विषम मौसमी घटनाका कारण हाल भइरहेको क्षतिको खर्च अन्ततः युरोपेली देशका सरकार र सार्वजनिक कोषमै पर्ने देखिएको छ। जलवायुजन्य यस्ता क्षतिको ठूलो हिस्साको बिमा नभएको वर्तमान अवस्थामा र तत्काल ठोस कदम नचालिँदा यस्तो परिदृश्य देखिएको हो।

यस वर्ष दक्षिण-पश्चिमी युरोपमा लागेको डढेलो तथा सन् २०२४ मा स्पेन र सन् २०२१ मा जर्मनी तथा उसका छिमेकी देशमा आएको ठूलो बाढीले जलवायु परिवर्तनबाट हुने क्षतिले युरोपको वित्तीय समस्यालाई थप चर्काएको देखिएको छ। यसअघि नै बढ्दो रक्षा खर्च र वृद्ध जनसंख्याका कारण युरोपले अतिरिक्त खर्चको दबाब सामना गरिरहेको छ।

सार्वभौम ऋण मूल्यांकन संस्था ‘फिच’ का पश्चिमी युरोप प्रमुख फेडेरीको ब्यारिगा-सलाजारले प्राकृतिक विपत्तिहरू अब एकपटक मात्र हुने ठूलो खर्चका रूपमा हेर्न नसकिने बताए। यस्ता विपत्ति बारम्बार हुन थालेको उनी बताउँछन्। ‘सरकारको वित्तीय अवस्था पहिल्यै कमजोर छ भने यस्तो क्षतिले अन्य क्षेत्रमा खर्च गर्ने वा नगर्ने भन्ने निर्णयमा दबाब सिर्जना गर्छ’, उनले भने।

अहिले जलवायुजन्य क्षतिले सरकारी बजेटमा पार्ने असर तुलनात्मक रूपमा सानो देखिए पनि यो बढ्दै जाने स्वीकारोक्ति बढिरहेको छ। युरोप विश्वकै सबैभन्दा छिटो तातिरहेको महादेश हो। युरोपेली वातावरण एजेन्सीका अनुसार सन् १९८० देखि २०२४ सम्म युरोपेली संघ (इयू) मा मौसम तथा जलवायुसँग सम्बन्धित चरम घटनाले अनुमानित ८२२ अर्ब युरो (९५३ अर्ब अमेरिकी डलर) बराबरको आर्थिक क्षति पुर्‍याएका छन्। त्यसमध्ये करिब एकचौथाइ क्षति पछिल्ला चार वर्षमै भएको हो।

युरो क्षेत्रका देशहरूको बजेट घाटा औसतमा कुल गार्हस्थ्य उत्पादन (जिडिपी) को करिब तीन प्रतिशत छ। ब्यारिगा-सलाजारका अनुसार सन् २०२४ मा स्पेनमा विगत पाँच दशकयताकै सबैभन्दा ठुलो बाढी आएको थियो र त्यसको पुनर्निर्माण लागत सन् २०२४ देखि २०२६ सम्म जिडिपीको करिब ०.७ प्रतिशत बराबर हुने अनुमान छ।



स्पेनको बार्सिलोनानजिकै कोल्सेरोलामा अगस्ट १४ मा लागेको डढेलोपछि बाँकी रहेको आगोमा दमकलकर्मी पानी छर्केर आगो निभाउने प्रयास गर्दै। *तस्बिर : रोयटर्स*

अझ महत्त्वपूर्ण कुरा, इयूमा जलवायुजन्य विपत्तिबाट हुने कुल क्षतिको करिब एकचौथाइ मात्र बिमाबाट सुरक्षित छ। केही देशमा यस्तो बिमा कभरेज पाँच प्रतिशतभन्दा पनि कम छ। चरम मौसमी घटना अझ नियमित हुँदै गएको अवस्थामा कुल क्षतिको तुलनामा बिमाले समेटेको हिस्सा अझ न्यून हुन सक्ने चिन्ता देखिएको छ। ‘जोखिम जति बढ्दै जान्छ, त्यति नै यसको बिमा हुन कठिन हुन्छ’, उनका अनुसार यसले केही देशको अर्थतन्त्रमा जिडिपीको १ देखि २ प्रतिशतसम्म असर पार्न सक्छ’, फ्र्याङ्कलिन टेम्पलटनका युरोपेली प्रमुख डेभिड जानले भने।

आर्थिक अनुसन्धान संस्था ब्रुगेलका अनुसार सन् २०२१ को बाढीबाट बेल्जियममा भएको अधिकांश क्षति बिमाबाट कभर भएको थियो, तर जर्मनीमा बिमा कभरेज न्यून भएकाले क्षतिको ठुलो हिस्सा बेहोर्न सरकारले ३० अर्ब युरो सार्वजनिक कोषबाट खर्च गर्नुपरेको थियो।

**जोखिम अनुकुलन र बाँडफाँट**

युरोपेली संघले यस शरद ऋतुमा जलवायु उत्थानशीलता र जोखिम व्यवस्थापनसम्बन्धी प्रस्ताव सार्वजनिक गर्ने तयारी गरेपछि सम्भावित समाधानबारे ध्यान केन्द्रित भएको छ। पर्यटनमा धेरै निर्भर रहेको र गर्मीको लहर तथा डढेलोको जोखिममा रहेको ग्रिसले बिमा कभरेज बढाउने उपाय खोजिरहेको छ। साथै पर्यटकीय क्षेत्रमा पानी र ऊर्जा पूर्वाधारलाई थप मजबुत बनाउने प्रयास पनि गरिरहेको छ। सन् २०२६ को सुरुवातमा आएको ठुलो बाढीपछि पोर्चुगलले घरको बिमा अनिवार्य बनाउने योजना घोषणा गरेको छ। यस्तो बिमालाई प्राकृतिक विपत्ति तथा भूकम्पका लागि बनाइने कोष र सबै नागरिकलाई बिमामा पहुँच सुनिश्चित गर्ने एकता संयन्त्रले सहयोग गर्नेछ।

केही देशका लागि तत्कालको अर्को उपाय जोखिम व्यवस्थापन गर्ने ‘क्याटास्ट्रोफ बन्ड’ हुन सक्छ। यसमा लगानीकर्ताले राम्रो प्रतिफल पाउन सक्छन्, तर भीषण आँधी वा भूकम्पजस्ता पहिल्यै परिभाषा गरिएका विपत्ति आएको अवस्थामा लगानीकर्ताले आफ्नो लगानीको केही वा सम्पूर्ण रकम गुमाउन सक्छन्। फ्र्याङ्कलिन टेम्पलटनको जानकारीअनुसार सरकारका लागि यस्तो व्यवस्था महँगो जोखिम हुन सक्छ। विपत्ति आएमा तत्काल लाभ हुन सक्छ, तर पाँच वर्षसम्म कुनै विपत्ति नआए पनि सरकारले हरेक वर्ष आठ प्रतिशतसम्म रकम तिर्नुपर्ने अवस्था आउन सक्छ।

ब्रुगेलकी वरिष्ठ अनुसन्धानकर्ता हेदर ग्राबेका अनुसार सरकारले एकपटकको आपत्कालीन खर्चभन्दा व्यवस्थित प्रणाली बनाउन आवश्यक छ। ‘युरोपका सबै सरकारले आफ्नो जोखिमको मूल्यांकन गर्नुपर्छ र भविष्यमा हुने क्षति कम गर्न अनुकूलनमा लगानी गर्ने तथा विभिन्न देशबिच जोखिम बाँडफाँट गर्ने विस्तृत योजना बनाउनुपर्छ’, उनले भनिन्। विभिन्न अध्ययनले जलवायु परिवर्तनसँग अनुकूल हुन सुरुमै गरिने लगानीले दीर्घकालमा ठुलो रकम बचाउन सक्ने देखाएका छन्। यसले बारम्बार हुने जलवायु विपत्तिका कारण ऋण बढ्ने र त्यसपछि जलवायु जोखिम कम गर्न आवश्यक लगानीका लागि सरकारसँग कम पैसा बाँकी रहने अवस्थाबाट पनि जोगाउन सक्छ। अक्सफोर्ड विश्वविद्यालयको सन् २०२५ को एक अध्ययनले यस अवस्थालाई ‘अनुकूलन लगानी पासो’ भनेको छ।

स्पेनका प्रधानमन्त्री पेड्रो सान्चेजले जिडिपीको ०.१ प्रतिशत बराबरको हरित लगानी गर्न सके त्यसको आठ गुणासम्मको आर्थिक क्षति रोक्न सकिने बताएका छन्। यस्तो लगानीले सुरुमा गरिएको लगानीको तीन गुणासम्म हुने कर राजस्वको क्षतिसमेत रोक्न सक्ने उनको भनाइ छ। युरोपेली केन्द्रीय बैंक (इसिबी) ले प्राकृतिक विपत्तिबाट हुने जोखिमलाई निजी बिमा कम्पनीबिच बाँडफाँट गर्ने र त्यसलाई इयूको सार्वजनिक विपत्ति वित्तीय कोषले सहयोग गर्ने ‘संयुक्त इयू सार्वजनिक-निजी पुनर्बिमा योजना’ प्रस्ताव गरेको छ, तर यस गर्मीमा देखिएका अत्यधिक घटनाले सरकार तथा इयू तहमा यस्ता योजनाका लागि सुरुमै ठुलो रकम खर्च गर्ने राजनीतिक इच्छाशक्ति बढाउँछन् कि बढाउँदैनन् भन्ने प्रश्न अझै बाँकी छ।

युरोपेली आयोगका प्रवक्ताका अनुसार आयोगले जलवायुजन्य विपत्तिको बिमा कभरेजमा रहेको कमी सम्बोधन गर्ने उपाय खोजिरहेको छ। यससम्बन्धी विभिन्न उपायको प्याकेज वर्षको अन्त्यसम्ममा स्वीकृत गर्ने तयारी छ।

# शैक्षिक परामर्श निर्देशिका खारेजीको माग

काठमाडौं, भदौ २ (नागरिक)- सरकारले हालै जारी गरेको ‘शैक्षिक परामर्श, भाषा शिक्षण तथा तयारी कक्षा (सञ्चालन र व्यवस्थापन) नियमावली २०८३’ एकतर्फी र व्यवसायलाई धराशायी बनाउने उद्देश्यसहित आएको भन्दै सरोकारवालाले तत्काल कार्यान्वयन नगर्न माग गरेका छन्।

नेपाल शैक्षिक परामर्श व्यवसायी महासंघद्वारा राजधानीमा आयोजित ‘नीति संवाद’ कार्यक्रमका वक्ताहरूले सरोकारवालासँग छलफलै नगरी ल्याइएको नियमावली कार्यान्वयन गर्न नसकिने बताएका हुन्। सरकारले गत असार २५ गते राजपत्रमा सूचना प्रकाशन गरी उक्त नियमावली लागु गरेको थियो। नियमावलीमा धरौटी रकम अत्यधिक बढाइएको, शैक्षिक मेला आयोजना गर्न नपाइने व्यवस्था लादिएको, पूर्वाधार तथा क्षतिपूर्तिसम्बन्धी अव्यावहारिक मापदण्ड तोकिएको र विदेशमा रहेका विद्यार्थीको गुनासोका आधारमा सोझै कारबाही चलाउने जस्ता प्रावधान राखिएकोमा व्यवसायीले असन्तुष्टि जनाएका छन्।




कार्यक्रममा विपक्षी दलका सांसदहरूले संसद्मा प्रचण्ड बहुमत भएको सत्तारूढ रास्वपा सरकारले ऐन बनाउनुको साटो ‘छापामार शैली’ मा नियमावली ल्याएको आरोप लगाए। नेकपा एमालेका सांसद गुरु बराललले संसद्बाट ऐन ल्याउनुपर्नेमा सरकारले प्रक्रिया मिचेर नियमावली ल्याएको भन्दै तत्काल ऐन निर्माण प्रक्रिया थाल्न आग्रह गरे। नेपाली कांग्रेसकी सांसद प्रमिला गच्छदारले व्यवसायीहरू आन्दोलित भएपछि मात्र आफूहरूले नियमावलीबारे जानकारी पाएको बताइन्। आफ्नो दल स्थापनाकालदेखि नै उदार अर्थतन्त्रको पक्षधर रहेको उल्लेख गर्दै उनले व्यवसाय समाप्त पार्ने गरी नभई प्रणालीमा बाँध्ने गरी नियमन हुनुपर्नेमा जोड दिइन्। यस्तै नेकपाका सांसद रमेश मल्लले सरोकारवालासँग परामर्श नै नगरी नियमावली ल्याइनु अलोकतान्त्रिक चरित्र भएको टिप्पणी गरे।

सत्तारूढ दल रास्वपाका सांसद गणेश पौडेलले भने कामलाई छिटोछरितो बनाउन सरकारले नियमावली ल्याएको दाबी गरे। व्यवसायीहरूको गुनासो सम्बोधन गर्न सरकारले पहिलो चरणको वार्ता सम्पन्न गरिसकेको र चाँडै समस्या समाधान हुने उनले बताए। महासंघका अध्यक्ष राजेन्द्र बराललले नयाँ नियमावलीले शैक्षिक परामर्श व्यवसायीहरूको हातखुट्टा बाँधिदिएको गुनासो गरे। नयाँ व्यवस्थाका कारण संघीय मन्त्रालयमा सात सय ८७ परामर्शदाता संस्थाहरू नवीकरण हुन नसकेर रोकिएको जानकारी उनले दिए। संवाद कार्यक्रममा नेपाल शैक्षिक परामर्श संघ (इक्यान) का अध्यक्ष लक्ष्मण पौडेल र अभिभावक संघ नेपालका पूर्वअध्यक्ष सुप्रभात भण्डारीले नियमावलीका प्रावधान अव्यावहारिक भएको बताए। अध्यक्ष पौडेलले व्यवसायीहरू नियमावलीको स्वागत गर्ने मनस्थितिमा रहे पनि सरकारको नीतिका कारण बाध्य भएर आन्दोलनमा जानुपरेको उल्लेख गरे।

# व्यक्तिमा रहेको १६ रोपनी जग्गा सरकारीमा ल्याउन माग

**कृष्ण किसी**

*भक्तपुर, भदौ २*

चाँगुनारायण नगरपालिका- १ दुवाकोटस्थित सार्वजनिक जग्गा गैरकानुनी रूपमा व्यक्तिका नाममा दर्ता गरिएको भन्दै उक्त दर्ता बदर गरी पुनः सरकारी नाममा कायम गर्न माग गरिएको छ। साविक दुवाकोट गाउँ विकास समिति- ८(ख) स्थित १६ रोपनी सार्वजनिक जग्गा व्यक्तिका नाममा दर्ता गरिएको पाइएको भन्दै भूमि प्रशासन कार्यालय भक्तपुरमा निवेदन दर्ता भएको छ।

‘सत्य र न्यायको खोजी अभियान’ ले मंगलबार भूमि प्रशासन कार्यालय भक्तपुरमा माग पेस गरेको हो। दर्जनौं संख्यामा आएका टोलीले कार्यालय प्रमुख अर्जुन राईसमक्ष सो मागपत्र पेस गरेका हुन्। अभियानका वरिष्ठ अधिवक्ताहरू ध्रुवलाल श्रेष्ठ, युवराज कोइराला, हरि कटेल, निकेश धिताल, चाँगुनारायण नगरपालिका- १ का अध्यक्ष सिजन कार्की, सो अभियन्ताद्वय न्हुछेंभक्त फोंजु र गौरीमानसिंह थापासहितको नेतृत्वको टोलीले मागपत्र बुझाएका हुन्। मालपोत ऐन २०३४ को दफा २४(२) को अधिकार प्रयोग गरी अतिक्रमित जग्गा सरकारको नाममा फिर्ता ल्याउनुपर्ने माग उनीहरूको थियो।

मागपत्रअनुसार साविक दुवाकोट गाउँ विकास समिति- ८(ख), कित्ता नं ४७ (क्षेत्रफल १९-१०-०-०) मध्ये १६ रोपनी जग्गा (हाल कायम कित्ता नं ३७५, क्षेत्रफल ३-१०-०-० र कित्ता नं ३७५, क्षेत्रफल १६-०-०-०) व्यक्तिका नाममा दर्ता भएको पाइएको हो। नापी नक्सामा ७ नं पर्ती जनिएको यो जग्गा परापूर्वकालदेखि स्थानीयले खानेपानी ट्यांकी, कालभैरव मन्दिर, सार्वजनिक बस बिसौनी तथा खानेपानी संस्थानको कार्यालय निर्माण गरी उपभोग गर्दै आएका थिए। यसलाई गैरकानुनी दर्ता गरेको पाइएको मागपत्रमा उल्लेख छ। २०४२ माघ ३० मा भू-प्रशासन तथा मालपोत कार्यालय भक्तपुरबाट उक्त १६ रोपनी सार्वजनिक जग्गा कान्छा सुवालका नाममा दर्ता गर्ने निर्णय गरेको पाइएको मागपत्रमा उल्लेख छ।

# ज्वरोले थलिए भाँडेका स्थानीय

**गोविन्द केसी**

*वीरेन्द्रनगर, भदौ २*

वर्षासँगै नौमुले गाउँपालिका- ३ भाँडेमा एक सातादेखि ज्वरोका बिरामी बढेका छन्। ८२ घरधुरी रहेको भाँडेका १८ घरधुरीका मानिस बिरामी परेको बताइएको छ। स्थानीय ठुलो चम्लाय, निर्गा, भावसैनी, भित्री खोलालगायतका बस्तीमा ज्वरोका बिरामी देखिएको स्थानीय अगुवा गंगाराम सापकोटाले बताए।

उनका अनुसार एक सातादेखि गाउँमा ज्वरोको समस्या देखिए पनि नियन्त्रणमा आउन सकेको छैन। ‘हप्ता दिनदेखि गाउँमा ज्वरोका बिरामी छन्’, सापकोटाले भने, ‘ज्वरो नियन्त्रणमा आएको छैन।’ स्वास्थ्य उपचारका लागि स्थानीयलाई नौमुले बजार पुग्न करिब तीन घन्टा र द्वारी स्वास्थ्य चौकी पुग्न झन्डै दुई घन्टा लाग्छ। वर्षाका कारण बाटोसमेत कठिन भएकाले बिरामीलाई स्वास्थ्य संस्थासम्म पुर्‍याउन समस्या भएको स्थानीयको भनाइ छ। भाइरल ज्वरोले प्रभावित दैलेखकै भौगोलिक रूपमा कठिनाइ भएको गाउँका रूपमा रहेको छ।

अर्को ठाउँमा कार्यरत अस्थायी स्वास्थ्यकर्मी वसन्त सापकोटाले बिहान-साँझ गाउँमा पुगेर सिटामोल वितरण गर्दै आए पनि बिरामी निको नभएको स्थानीयले बताए। स्थानीय भविलाल सुनखरीले आफू पाँच दिनदेखि ज्वरोले थलिएको बताए। भाँडेमै रहेको कागते स्वास्थ्य एकाइ करिब एक वर्षदेखि बन्द रहेकाले गाउँमै उपचार सुविधा छैन।

# उच्च अदालतमा मेटिएन जेनजी आन्दोलनको दाग

**अर्जुन ओली**

*नेपालगन्ज, भदौ २*

जेनजी आन्दोलनमा आगजनी गरिएका जिल्लाका अधिकांश सरकारी कार्यालयहरू रडरोगन भएर पनि प्रयोगमा आइसकेका छन्। ती कार्यालयमा जेनजी आन्दोलनको ‘दाग’ लगभग मेटिसकेको छ, तर उच्च अदालत तुलसीपुर नेपालगन्ज इजलासमा भने अझै पनि जेनजी आन्दोलनकै झल्को देखिन्छ।

आन्दोलनका क्रममा आगजनी गरिएका अदालतका भौतिक संरचनाले राज्यलाई गिज्याइरहेका छन्। जेनजी आन्दोलन भएको ११ महिना बितिसक्दा पनि अदालत परिसर अहिले पनि ‘खण्डहर’ जस्तै देखिन्छ। आगजनीबाट धेरै क्षति भएको इजलासको पश्चिमतर्फको भवन भत्काएर नयाँ बनाउने योजना अलपत्र अवस्थामा छ।

२०८२ भदौ २४ गते आन्दोलनकारी समूहले इजलासको महत्त्वपूर्ण कागजातसहित भवनमा आगजनी गरेको थियो। आगजनीमा परेको उक्त भवनको परीक्षण गर्दा प्राविधिक टोलीले तत्कालका लागि प्रयोग गर्न नमिल्ने सुझाव दियो। भवन मर्मतमा धेरै बजेट खर्च लाग्ने प्राविधिक टोलीको सुझाव दिएपछि अदालत प्रशासन नयाँ भवन बनाउने निष्कर्षमा पुग्यो। यसका लागि सम्बन्धित निकायसँग बजेट माग गरिएको थियो, तर अहिलेसम्म बजेटको टुंगो नलाग्दा भवन निर्माणको योजना अलपत्र परेको कर्मचारी बताउँछन्। अरूलाई न्याय दिने निकाय आफैं राज्यबाट अन्यायमा परिरहेको छ।

अदालतका वरिष्ठतम न्यायाधीश वामदेव ज्ञवाली आगजनीमा परेको भवन प्रयोग गर्न नमिल्ने भएपछि नयाँ बनाउन खोजिएको र निर्माण गर्नका लागि बजेट सुनिश्चित नभएको बताउँछन्। आफूहरूसँग भवन नहुँदा अदालतको काम प्रभावित हुँदै आएको उनले सुनाए।

‘आगजनीमा परेको भवन प्रयोग गर्न मिल्ने अवस्थामा छैन। ठाउँ अभावका कारण हामीले सबै इजलास कक्ष सञ्चालन गर्न सकिरहेका छैनौं’, ज्ञवालीले भने, ‘प्राविधिक स्टिमेटअनुसार आगजनीमा परेको भवनलाई मर्मत गर्ने खर्च र नयाँ बनाउने खर्च बराबर हुने देखियो, त्यसकारण पुरानो भवनलाई भत्काएर नयाँ बनाउने निष्कर्षमा पुगेका हौं।’ आगजनीमा परेको अदालतका कोठा मर्मत गर्न पनि बजेट अभाव भएको उनले सुनाए।

तुलसीपुर उच्च अदालत नेपालगन्ज इजलासका निमित्त रजिस्ट्रार गम्भीर राना क्षेत्री भवन अभावका कारण साँघुरो कोठाबाट सेवा दिनु परिरहेको बताउँछन्। ‘ठुलो भवन आगजनीमा परेपछि साँघुरो कोठाबाट सेवा दिँदै आएका छौं’, उनले भने, ‘बाँके र बर्दियाका सेवाग्राहीलाई साघुँरा कोठाबाट सेवा दिनुपर्ने अवस्था छ।’ साघुँरो कोठा भएका कारण विशेषगरी मुद्दा फाँटमा सेवा दिन एकदमै असहज भइरहेको यहाँका कर्मचारी बताउँछन्।

इजलासका शाखा अधिकृत एवम् सूचना अधिकारी बलबहादुर बिष्टले सुरुमा भवन मर्मत गरेर सञ्चालनमा ल्याउने तयारी भए पनि प्राविधिकको सल्लाहअनुसार नयाँ बनाउन खोजिएको बताए। ‘भवन निर्माणका लागि हामीले सरकारसँग बजेट माग गरेका हौं। यो वर्ष भवन निर्माणका लागि बजेट आएको निश्चित छैन’, बिष्टले भने।

आगजनी हुनुअगाडि अदालतमा चारवटा इजलास कक्ष सञ्चालनमा रहेका थिए। आगजनीपछि तीनवटा इजलास कक्षलाई मात्र मर्मत गरेर प्रयोगमा ल्याइएको छ। ‘तीनवटा इजलास कक्षलाई मर्मत गरेर प्रयोगमा ल्यायौं, तर एउटा इजलास कक्षमा धेरै क्षति पुगेको थियो, त्यसमा बजेट धेरै लाग्ने भएको हुँदा मर्मत गर्न सकेनौं’, सूचना अधिकारी बिष्टले भने, ‘एउटा इजलास कक्ष अहिले पनि बन्द अवस्थामा छ।’

जेनजी आन्दोलनका क्रममा जलेका इजलास कक्षहरू पूर्णरूपले सञ्चालन हुन नसक्दा कामकाज प्रभावित हुन पुगेको कर्मचारीहरू बताउँछन्। आन्दोलनका क्रममा सात सय ५३ थान जलेका मुद्दामध्ये सबै मुद्दाको मिसिल खडा गरे पनि पूर्ण भने नरहेको अदालतले जनाएको छ। कर्मचारीका अनुसार अधिकांश मिसिलमा अत्यावश्यक कागजात नै छैनन्। मिसिल पूरा गर्न सम्बन्धित कार्यालयबाट पुनः प्राप्ति गर्नुपर्ने व्यवस्था छ।


गरिमा विकास बैंक लिमिटेडको रजिष्टर्ड (केन्द्रीय) कार्यालय स्थानान्तरण सम्बन्धी सूचना

गरिमा विकास बैंक लिमिटेडको मिति २०८२ कार्तिक २७ गते बिहीबार सम्पन्न उन्नाइसौं वार्षिक साधारण सभाको निर्णय बमोजिम हाल काठमाडौं जिल्ला, काठमाडौं म.न.पा. वडा नं. २, लाजिम्पाटमा रहेको रजिष्टर्ड (केन्द्रीय) कार्यालय **आज मिति २०८३ भदौ ३ गते बुधबारदेखि काठमाडौं जिल्ला काठमाडौं म.न.पा. वडा नं. ३, बालुवाटार** स्थित यस विकास बैंकको आफ्नै भवनमा स्थानान्तरण हुने हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। सो सम्बन्धी थप जानकारी यस विकास बैंकको बेवसाईट **www.garimabank.com.np** वा कल सेन्टर ०१-५९७०१७९ बाट समेत लिन सक्नु हुनेछ।




गरिमा विकास बैंक लिमिटेड
Garima Bikas Bank Limited
नेपाल राष्ट्र बैंकबाट ‘ख’ वर्गको इजाजतपत्रप्राप्त संस्था
केन्द्रीय कार्यालय: बालुवाटार, काठमाण्डौं
फोन : ०१-४५४५४२४/२५/२६, टोल फ्रि नं.: १६६००१४५४४४
Email: info@garimabank.com.np, Website: www.garimabank.com.np
Scan for Google Map

खुसी हुन धेरै सजिलो छ तर सरल हुन धेरै गाह्रो छ।
– रवीन्द्रनाथ ठाकुर

# प्रधानमन्त्री संसद्लाई सुन

संसदीय शासन व्यवस्थामा सरकार बहुमतको हुन्छ तर संसद् सरकारको होइन। संसद् जनताको हुन्छ। सरकार बहुमतबाट बन्न सक्छ तर त्यो बहुमतले सरकारलाई संसद्प्रति उत्तरदायी हुने दायित्वबाट मुक्त गर्दैन। बरु बहुमतसँगै जवाफदेहिताको जिम्मेवारी अझ ठुलो हुन्छ। जेनजी विद्रोहको बलमा फागुनमा प्रतिनिधिसभा निर्वाचन भयो। निर्वाचनमा जनताले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)लाई झन्डै दुईतिहाइ बहुमत दिए। सरकार र संसद्को नेतृत्व रास्वपाकै पक्षमा गयो।

सरकारको नेतृत्व रास्वपा वरिष्ठ नेता बालेन्द्र शाहले गरे भने संसद्को नेतृत्व अर्का नेता डिपी अर्थात् डोलप्रसाद अर्यालले गरे। दल र दलीय व्यवस्थाभन्दा आफूलाई अलग र फरक देखाउँदै आएका शाहका लागि बहुदलीय शासन व्यवस्था र संसदीय शासन प्रणाली आफैँमा बोझिलो हुनसक्ने विपक्षीको मात्र होइन, उनकै दलका कतिपय नेताहरूको बुझाइ थियो।

नभन्दै शाहले त्यस्तै देखाए। मुलुकको प्रधानमन्त्रीको जिम्मेवारीमा पुगेका शाह अहिले जनताको सर्वोच्च निकाय संसद्प्रति मात्र होइन, आफ्नै दल रास्वपा र संसदीय दलप्रति पनि जिम्मेवार र जवाफदेही बन्न सकेका छैनन्। सरकारकै नीति तथा कार्यक्रम राष्ट्रपतिले वाचन गरिरहँदा संसद्बाट बाहिरिएका शाह प्रतिनिधिसभाको बैठकमा अपवादबाहेक उपस्थित भएका छैनन्। पार्टी कार्यालय र संसदीय दलमा त उनको सहभागिता र उपस्थिति झन् दुर्लभ नै छ। यसले बहुलवादमा आधारित वर्तमान शासन व्यवस्थाप्रति प्रधानमन्त्रीको प्रतिबद्धतामा आशंका गर्नेहरूलाई बल पुर्‍याएको छ। बितेका पाँच महिनामा प्रधानमन्त्रीले त्यसलाई नै संकेत गरिरहे र सभामुखको भूमिकाले संसद् प्रतिपक्षी हो भन्ने विगतको मान्यतालाई खण्डित गरिदियो। व्यवस्थापिका कार्यपालिकाको छायाजस्तो मात्र बन्न पुग्यो। विपक्षी दलले मात्र होइन, रास्वपाकै सांसदहरूले संसद्मा प्रधानमन्त्री खोजिरहे।

सभामुख लाचारजस्तो बनेर प्रधानमन्त्रीलाई संसद्मा उपस्थित हुन र सांसद्को कुरा सुन्न रुलिङ गर्न सकेनन्। ढिलै गरे पनि सोमबार सभामुख अर्यालले प्रतिनिधिसभा नियमावलीको नियम ५६, ५७, ५८, ५९ र ६० लाई उधृत गर्दै प्रधानमन्त्रीलाई सदनमा उपस्थित भएर सांसदहरूका प्रश्नको उत्तर दिन औपचारिक निर्देशन गरेका छन्। त्यति मात्र होइन, सभामुखले नियम ५६ अनुसार भदौ १० गते प्रधानमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तरका लागि समय निर्धारण गरेका छन्। यसभित्रको अन्तर्य जेसुकै होला तर सभामुखले ढिलै भए पनि आफ्नो जिम्मेवारी निर्वाह गरेका छन् र प्रधानमन्त्री एवं सरकारलाई जनताको सर्वोच्च थलो संसद्प्रति उत्तरदायी बन्नुपर्ने सम्झाएका छन्। यो नियमित संसदीय प्रक्रिया हो तर यसको राजनीतिक अर्थ सामान्य प्रश्नोत्तरभन्दा निकै गहिरो छ। अब प्रश्न प्रधानमन्त्री संसद्मा आउँछन् कि आउँदैनन् भन्ने होइन, संसद्मा कति इमानदार भएर प्रस्तुत हुन्छन् भन्ने हो। यसले नै संसदीय सर्वोच्चतासहित लोकतान्त्रिक प्रणालीप्रति प्रधानमन्त्रीको प्रतिबद्धता देखाउने छ। आन्तरिक सेवा प्रवाहमा जतिसुकै गति देखाए पनि कार्यपालिका जनप्रतिनिधिहरूको सर्वोच्च संस्था संसद्प्रति उत्तरदायी हुनैपर्छ भन्ने स्थापित नजिरसाथ अब सबैको ध्यान भदौ १० गते हुने प्रत्यक्ष प्रश्नोत्तरतर्फ सोझिएको छ।

> संसद्लाई कमजोर बनाएर सरकार बलियो हुँदैन। प्रधानमन्त्रीलाई संसद्मा उपस्थित गराउन सभामुखले रुलिङ गर्नुपर्ने अवस्था आफैँमा लोकतान्त्रिक अभ्यासका लागि सुखद संकेत होइन।

संसद् सरकारको बाधक होइन, जवाफदेहिताको कठघरामा उभ्याउने संस्था (निकाय) हो। सरकार गठनसँगै सार्वजनिक गरिएको प्रशासनिक सुधार, सुशासन र सेवा प्रवाहका प्रतिबद्धतामध्ये कति पूरा गर्‍यो, कति कार्यान्वयनमा छन् र कति अलपत्र छन् ? यही हिसाब संसद्मार्फत आमनागरिकले प्रधानमन्त्रीको जवाफ चाहेका छन्। जवाफ दिनु प्रधानमन्त्रीको कर्तव्य पनि हो। विपक्षीले संसद्मा प्रधानमन्त्रीलाई खोज्नु र जवाफ माग्नु लोकतान्त्रिक प्रणालीमा कुनै राजनीतिक कृपा होइन। यो सरकारको आधारभूत संसदीय दायित्व हो। प्रधानमन्त्री संसद्को नेता होइनन्, उनी सरकारको प्रमुख हुन्। तर सरकार संसद्प्रति उत्तरदायी हुनुपर्छ। संसद् जनताको प्रतिनिधिमूलक संस्था हो। संसद्मा उठ्ने प्रश्नलाई सरकारमाथिको अनावश्यक दबाबका रूपमा बुझ्नु लोकतान्त्रिक संस्कारसँग मेल खाँदैन। संसद् सरकारलाई जवाफदेही बनाउने संस्था नै हो। प्रधानमन्त्रीले सांसदका प्रश्नलाई असहज होइन, सहज रूपमा लिनुपर्छ। सरकारले आफ्नो काम प्रमाणित गर्ने अवसरका रूपमा संसद्लाई लिनुपर्छ।

सेवा प्रवाह साँच्चिकै सहज भयो कि भएन ? प्रशासनिक निर्णय छिटो र पारदर्शी भए कि भएनन् ? नागरिकले सरकार आएको महसुस गरे कि गरेनन् ? यिनै प्रश्नले सरकारको सफलता मापन गर्छन्।

संसद्लाई कमजोर बनाएर सरकार बलियो हुँदैन। प्रधानमन्त्रीलाई संसद्मा उपस्थित गराउन सभामुखले रुलिङ गर्नुपर्ने अवस्था आफैँमा लोकतान्त्रिक अभ्यासका लागि सुखद संकेत होइन। प्रधानमन्त्री लोकप्रिय हुन सक्छन्। सामाजिक सञ्जालमा व्यापक समर्थन हुन सक्छ तर यी कुनै पनि कुरा संसद्प्रतिको जवाफदेहिताभन्दा माथि हुन सक्दैनन्। लोकप्रियता जनमतको अभिव्यक्ति हो। जवाफदेहिता लोकतन्त्रको आधार हो, कमजोरी होइन। त्यसैले संसद्मा उपस्थित भएर प्रधानमन्त्रीले सांसदको कुरा सुन्नुपर्छ। बहुलवादमा आधारित लोकतान्त्रिक संविधान र आमनागरिकमाथि मात्र होइन, आफैँलाई मतदान गर्ने जनताको पनि सम्मान गर्नुपर्छ। होइन भने प्रधानमन्त्री र सरकारको अहिलेको संविधान र व्यवस्थाप्रति दिलचस्वी नरहेको नागरिकको आशंकालाई बल पुर्‍याउँछ। बहुमतले सरकार बनाउन सक्छ तर जवाफदेहिताबाट मुक्त गर्न सक्दैन। सत्ता संसद्बाट टाढिन सक्छ तर लोकतन्त्र संसद्बाट टाढिन सक्दैन भन्ने प्रधानमन्त्रीले बुझ्नुपर्छ। संसद्लाई छल्ने होइन, सुन्नु र पुग्नुपर्छ।



डा. शोभाकर पराजुली

# कांग्रेसको सत्ता समीकरण

**नयाँ पुस्ताले नेतृत्व माग्नु स्वाभाविक हो तर उसले नेतृत्वको क्षमता प्रमाणित गर्नुपर्छ। पुरानो पुस्ताले सम्मान खोज्नु स्वाभाविक हो तर उसले नेतृत्व हस्तान्तरणको ऐतिहासिक दायित्व पनि स्वीकार गर्नुपर्छ।**



नेपाली कांग्रेसको वर्तमान अन्तर्द्वन्द्वलाई सामान्य गुटगत असहमति, नेताहरूबिचको व्यक्तिगत तिक्तता वा संगठनात्मक विवादको संज्ञा दिएर मात्र यसको गहिराइ बुझ्न सकिँदैन। सतहमा देखिएको विवाद वास्तवमा पार्टीको वैधानिकता, नेतृत्वाधिकार, संगठनात्मक प्रभुत्व, पुस्तान्तरण, राजनीतिक उत्तराधिकार र आगामी राष्ट्रिय सत्ता-समीकरणमाथिको बहुस्तरीय संघर्ष हो। एकता र विभाजनका नाराहरू यही गहिरो शक्ति-राजनीतिको अभिव्यक्ति हुन्। कांग्रेसभित्र आज मूल प्रश्न 'कांग्रेस एक हुन्छ कि फुट्छ ?' मात्र होइन। अझ गम्भीर प्रश्न हो- कुन राजनीतिक शक्ति कांग्रेसको भावी चरित्र निर्धारण गर्ने छ ? कसले संगठनमाथि निर्णायक प्रभाव राख्नेछ ? कसले आगामी नेतृत्वको वैधता निर्माण गर्नेछ ? र अन्ततः कांग्रेसले नेपालको भावी सत्ता-समीकरणमा आफूलाई कुन स्थानमा स्थापित गर्नेछ ? यी प्रश्नको उत्तर नखोजी कांग्रेसको संकटबारे गरिने कुनै पनि बहस अधुरो हुन्छ।

**एकताको आवरणभित्रको शक्ति-संघर्ष**

राजनीतिमा शब्द र आशय सधैं एउटै हुँदैनन्। एकता सबै नेताको साझा राजनीतिक शब्द हुन सक्छ तर त्यसको अन्तर्निहित उद्देश्य फरक हुन सक्छ। कसैका लागि एकता संस्थाको संरक्षण हो, कसैका लागि आफ्नो प्रभावको निरन्तरता, कसैका लागि नयाँ नेतृत्वलाई वैधता दिने माध्यम र कसैका लागि आगामी राजनीतिक प्रतिस्पर्धाअघि शक्ति पुनर्संरचना गर्ने रणनीति। त्यसैले कांग्रेसभित्रको वर्तमान बहसलाई विभाजनभन्दा एकताको सर्त र शक्ति-विन्यासको संघर्षका रूपमा बुझ्नु बढी उपयुक्त हुन्छ किनकि वास्तविक राजनीति यही हो- कोही पनि विभाजनको झन्डा बोकेर अगाडि आउँदैन, पहिले आफ्नो राजनीतिक शक्ति मापन गर्छ, सम्भावित लाभ-हानि गणना गर्छ र त्यसपछि एकता, पुनर्गठन वा अलग ध्रुवको विकल्प रोज्छ। कांग्रेसभित्रको अहिलेको मनोविज्ञान पनि यही राजनीतिक गणितबाट प्रभावित छ।

**को एकता चाहँदैन ?**

यो प्रश्नको उत्तर व्यक्तिको नामबाट होइन, हितको संरचनाबाट खोजिनुपर्छ। कांग्रेसभित्र एकता नचाहने प्रवृत्तिका पछाडि मूलतः चार प्रकारका राजनीतिक स्वार्थ देखिन सक्छन्। पहिलो, शक्ति विस्थापनको भय। लामो समयसम्म पार्टीभित्र निर्णायक भूमिका खेलेका शक्ति केन्द्रहरूका लागि नयाँ नेतृत्वको उदय केवल नेतृत्व परिवर्तन होइन, यो आफूले निर्माण गरेको प्रभाव-क्षेत्रको पुनर्विन्यास हो।

दोस्रो, राजनीतिक उत्तराधिकारको संकट। पुरानो पुस्ताबाट नयाँ पुस्तातर्फ नेतृत्व हस्तान्तरण हुँदा कसको राजनीतिक भविष्य सुरक्षित हुन्छ भन्ने प्रश्न उठ्छ। वर्तमान संरचनामा आफ्नो भविष्य कमजोर देखियो भने अलग शक्ति-केन्द्र निर्माणको आकर्षण बढ्न सक्छ।

तेस्रो, संगठनात्मक नियन्त्रण। नेपाली राजनीतिको कठोर यथार्थ के हो भने संगठनमाथिको नियन्त्रण नै निर्वाचनको प्रारम्भिक शक्ति हो। सदस्यता, प्रतिनिधित्व, टिकट वितरण, जिल्ला-प्रदेश संरचना र कार्यकर्ता परिचालनमा प्रभाव राख्ने समूहले भविष्यको नेतृत्वमा पनि प्रभाव राख्छ।

चौथो, सत्ता-समीकरणको पूर्वतयारी। आज पार्टीभित्रको शक्ति संघर्ष केवल पार्टी कार्यालयसम्म सीमित छैन। त्यसको अन्तिम गन्तव्य संसद्, सरकार, गठबन्धन र राज्यसत्तासम्म पुग्छ। त्यसैले आगामी निर्वाचनपछि सम्भावित सत्ता-समीकरणलाई ध्यानमा राखेर आजै शक्ति केन्द्रित गर्ने प्रयास हुनु अस्वाभाविक होइन। यही कारणले कांग्रेसको आन्तरिक द्वन्द्वलाई केवल वैचारिक मतभेद भन्नु पर्याप्त हुँदैन। यो मूलतः राजनीतिक शक्ति र भविष्यको सत्ता-पहुँचमाथिको प्रतिस्पर्धा हो।

**किन एकता चाहन्छन् ?**

एकताको पक्षमा उभिनेहरू पनि केवल भावनात्मक कारणले एकता चाहन्छन् भन्ने मान्न मिल्दैन। उनीहरूका लागि ठुलो कांग्रेस नै ठुलो राजनीतिक पुँजी हो। विभाजित कांग्रेसले संगठनात्मक मत विभाजित गर्छ, कार्यकर्ता विभाजित गर्छ, निर्वाचन क्षेत्रमा प्रतिस्पर्धात्मक शक्ति घटाउँछ र राष्ट्रिय राजनीतिमा सौदाबाजीको क्षमता कमजोर बनाउँछ। एकीकृत कांग्रेससँग सरकार निर्माण, प्रतिपक्ष सञ्चालन, निर्वाचन प्रतिस्पर्धा र राष्ट्रिय राजनीतिक अजेन्डा निर्धारण गर्ने क्षमता तुलनात्मक रूपमा बढी हुन्छ। त्यसैले एकताको राजनीतिक अर्थ हो- सामूहिक शक्ति संरक्षण।

**पुरानो पुस्ता : विरासत कि प्रभाव ?**

कांग्रेसको पुरानो पुस्ताको योगदान अस्वीकार गर्न सकिँदैन। उनीहरूले संघर्ष, आन्दोलन, संगठन निर्माण र लोकतान्त्रिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् तर राजनीतिक इतिहासको सम्मान र वर्तमान राजनीतिक अधिकार एउटै विषय होइनन्। विरासत सम्मानको विषय हो, नेतृत्व वर्तमानको विषय हो। वरिष्ठता आफैँमा स्थायी नेतृत्वाधिकार होइन। त्यस्तै युवावस्था आफैँमा नेतृत्वको प्रमाण पनि होइन।

नयाँ पुस्ताले नेतृत्व माग्नु स्वाभाविक हो तर उसले नेतृत्वको क्षमता प्रमाणित गर्नुपर्छ। पुरानो पुस्ताले सम्मान खोज्नु स्वाभाविक हो तर उसले नेतृत्व हस्तान्तरणको ऐतिहासिक दायित्व पनि स्वीकार गर्नुपर्छ। यसैले कांग्रेसको समाधान 'पुरानो हटाऊ, नयाँ ल्याऊ' होइन। सही सूत्र हो- अनुभवको संस्थागत संरक्षण र नेतृत्वको लोकतान्त्रिक पुस्तान्तरण।

> कांग्रेसको पुरानो पुस्ताको योगदान अस्वीकार गर्न सकिँदैन। उनीहरूले संघर्ष, आन्दोलन, संगठन निर्माण र लोकतान्त्रिक परिवर्तनमा महत्त्वपूर्ण भूमिका खेलेका छन् तर राजनीतिक इतिहासको सम्मान र वर्तमान राजनीतिक अधिकार एउटै विषय होइनन्। विरासत सम्मानको विषय हो, नेतृत्व वर्तमानको विषय हो।

**नयाँ नेतृत्वको वास्तविक चुनौती**

नयाँ नेतृत्वको उदयलाई कांग्रेसको पुनर्जागरणसँग जोडेर हेर्ने आशा छ। तर नेतृत्व परिवर्तन मात्र राजनीतिक पुनर्जागरण होइन। नयाँ नेतृत्वले पुरानो शैलीको गुटगत राजनीतिलाई नयाँ अनुहारमा दोहोर्‍यायो भने परिवर्तनको सम्पूर्ण राजनीतिक औचित्य समाप्त हुन्छ। कांग्रेसलाई नयाँ नेतृत्वसँगै नयाँ राजनीतिक आख्यान चाहिएको छ।

अब कांग्रेसले केवल आफ्नो गौरवशाली इतिहास सुनाएर जनताको विश्वास पुनः प्राप्त गर्न सक्दैन। उसले भन्नुपर्छ- नेपालको अर्थतन्त्र कसरी रूपान्तरण गर्ने ? युवालाई स्वदेशमै अवसर कसरी दिने ? राज्य संयन्त्रलाई कसरी उत्तरदायी बनाउने ? भ्रष्टाचारको संरचनात्मक नियन्त्रण कसरी गर्ने ? डिजिटल शासन कसरी विस्तार गर्ने ? निजी क्षेत्रको विश्वास कसरी पुनर्स्थापित गर्ने ? शिक्षा र स्वास्थ्यलाई उत्पादनशील मानवपुँजीमा कसरी रूपान्तरण गर्ने ? नयाँ नेतृत्वले यी प्रश्नको उत्तर दिन सकेन भने पुस्तान्तरण केवल चेहराको परिवर्तन हुनेछ, राजनीतिक संस्कारको होइन।

**सदस्यता र महाधिवेशन : वास्तविक शक्ति-द्वार**

कांग्रेसको संगठनात्मक संकटको केन्द्रमा सदस्यता, प्रतिनिधित्व र महाधिवेशन प्रक्रिया छन्। किनकि यी केवल प्रशासनिक विषय होइनन्। यही प्रक्रियाले भावी नेतृत्वको राजनीतिक वैधता निर्माण गर्छ।

कसको सदस्यता वैध ? कसले प्रतिनिधित्व गर्ने ? कसले महाधिवेशनमा मतदान गर्ने ? कसले नेतृत्व चयन गर्ने ? यी प्रश्नको उत्तर निष्पक्ष र पारदर्शी भएन भने कुनै पनि नेतृत्व चयनपछि विवाद समाप्त हुँदैन। त्यसैले कांग्रेसले सदस्यता प्रणालीलाई प्रविधिमैत्री, पारदर्शी, परीक्षणयोग्य र संस्थागत बनाउनुपर्छ। महाधिवेशनलाई गुटगत शक्ति प्रदर्शन होइन, पार्टीको लोकतान्त्रिक सर्वोच्च निकायका रूपमा पुनर्स्थापित गर्नुपर्छ।

**टिकटको राजनीति**

टिकट वितरण पारदर्शी भएन भने हरेक नेता आफ्नो गुट निर्माण गर्न बाध्य हुन्छ। त्यसैले कांग्रेसको गुट अन्त्य गर्ने सबैभन्दा प्रभावकारी उपायमध्ये एउटा हो- उम्मेदवार छनोटको स्पष्ट, मापनयोग्य र संस्थागत मापदण्ड। लोकप्रियता, संगठनात्मक योगदान, जनसम्बन्ध, चुनावी सम्भाव्यता, नैतिक आचरण र राजनीतिक क्षमता जस्ता सूचकका आधारमा उम्मेदवार छनोट गर्न सकिने प्रणाली आवश्यक छ।

**कांग्रेसले देशलाई के सन्देश दिने ?**

नेपालको वर्तमान राजनीतिक वातावरणमा कांग्रेसका नेताहरूले आफ्नै आन्तरिक विवादलाई राष्ट्रिय निराशाको अर्को कारण बन्न दिनुहुँदैन। उनीहरू एउटै मञ्चमा उभिएर भन्न सक्नुपर्छ- 'हामीबिच मतभेद छन् तर लोकतन्त्रप्रतिको प्रतिबद्धतामा मतभेद छैन। हामीबिच नेतृत्वको प्रतिस्पर्धा छ तर राष्ट्रको भविष्यमा प्रतिस्पर्धा छैन। हामी पार्टीभित्र चुनाव लड्छौं तर पार्टीलाई कमजोर बनाएर होइन। वरिष्ठताको सम्मान हुनेछ, पुस्तान्तरणको अधिकार सुरक्षित हुनेछ र कांग्रेस व्यक्तिको इच्छाले होइन, विधान र संस्थागत प्रक्रियाले चल्नेछ।'

यस्तो सन्देश राजनीतिक रूपमा अत्यन्त शक्तिशाली हुनेछ किनकि यसले कार्यकर्तालाई मात्र होइन, देशलाई पनि एउटा संकेत दिनेछ- कांग्रेस आफ्नो आन्तरिक संकट लोकतान्त्रिक ढंगले समाधान गर्न सक्षम छ।

**राष्ट्रिय राजनीतिक सन्दर्भ**

कांग्रेसभित्रको शक्ति संघर्षलाई राष्ट्रिय राजनीतिक परिवेशबाट अलग गरेर हेर्न मिल्दैन। नेपालमा नयाँ राजनीतिक शक्तिहरूको उदय, परम्परागत दलप्रतिको जनअसन्तुष्टि, युवाको राजनीतिक बेचैनी र राज्यप्रति घट्दो विश्वासले पुराना दलहरूलाई अस्तित्वगत चुनौती दिइरहेको छ। यस्तो अवस्थामा कांग्रेसभित्रको विभाजनले केवल मत विभाजन गर्दैन, यसले नयाँ राजनीतिक शक्तिलाई राजनीतिक रिक्तता भर्ने अवसर पनि दिन सक्छ। त्यसैले कांग्रेसको आन्तरिक एकता आज कांग्रेसको संगठनात्मक आवश्यकता मात्र होइन, यो उसको राष्ट्रिय प्रतिस्पर्धात्मक अस्तित्वको प्रश्न पनि हो। तर एकता भन्दै पुरानो संरचना जस्ताको तस्तै जोगाउनु पनि समाधान होइन। कांग्रेसलाई बचाउने एकता होइन, कांग्रेसलाई रूपान्तरण गर्ने एकता आवश्यक छ।

**अन्तिम राजनीतिक निर्णय**

आज कांग्रेससँग दुई विकल्प छन्। पहिलो- गुटलाई पार्टीभन्दा ठुलो बनाउने, व्यक्तिलाई संस्थाभन्दा शक्तिशाली बनाउने र आगामी निर्वाचनको गणितका लागि अहिलेको संगठनलाई जोखिममा पार्ने। दोस्रो- व्यक्तिगत महत्त्वाकांक्षालाई संस्थागत अनुशासनभित्र राख्ने, पुस्तान्तरणलाई व्यवस्थित गर्ने, आन्तरिक लोकतन्त्रलाई पुनर्जीवित गर्ने र राष्ट्रिय राजनीतिक अजेन्डामार्फत जनविश्वास पुनर्निर्माण गर्ने।

पहिलो बाटोले केही व्यक्तिलाई तत्काल शक्ति दिन सक्छ। दोस्रो बाटोले कांग्रेसलाई दीर्घकालीन राजनीतिक भविष्य दिन सक्छ।

# राष्ट्रिय एकता र सुरक्षा : स्थायित्वका दुई आधार

**सीमामा उभिएको एउटा सैनिक केवल एउटा व्यक्ति होइन- ऊ राष्ट्रको सार्वभौमिकताको पहरेदार हो। उसको काँधमा राखिएको बन्दुकमा केवल गोली हुँदैन, त्यसमा राष्ट्रको स्वाभिमान, नागरिकको सुरक्षा र भावी पुस्ताको भविष्यको जिम्मेवारी पनि हुन्छ।**



राजेन्द्र गुरुङ

राष्ट्रको स्थायित्व केवल संविधान, सरकार वा अर्थतन्त्रले सुनिश्चित गर्दैन। त्यसका लागि दुई आधारभूत शक्ति चाहिन्छ- राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा। यीमध्ये कुनै एक कमजोर भयो भने राष्ट्रको राजनीतिक स्थिरता, आर्थिक विकास र राष्ट्रिय स्वाभिमानमाथि गम्भीर असर पर्न सक्छ। इतिहासले यसको प्रमाण दिएको छ। राष्ट्रिय एकता कमजोर हुँदा समाजभित्रको विभाजन गहिरिन्छ, राज्यका संस्थाप्रतिको विश्वास घट्छ र बाह्य शक्तिले समेत त्यसको लाभ उठाउने परिस्थिति निर्माण हुन सक्छ। त्यसैले राष्ट्रको दीर्घकालीन स्थायित्वका लागि भूगोल जोगाउनु मात्र पर्याप्त हुँदैन, त्यो भूगोलभित्र बस्ने नागरिकबिच साझा राष्ट्रिय भावनासमेत बलियो हुनुपर्छ।

युगोस्लाभियाको विघटन यस सन्दर्भमा एउटा महत्त्वपूर्ण उदाहरण हो। जातीय तनाव, राजनीतिक विभाजन र कमजोर साझा राष्ट्रिय आधारले अन्ततः हिंसा र विघटनको अवस्था सिर्जना गर्‍यो। यसको सन्देश स्पष्ट छ- विविधता आफैं समस्या होइन, विविधतालाई साझा राष्ट्रिय पहिचानमा जोड्न नसक्नु समस्या हो।

नेपाल पनि विविधताले बनेको मुलुक हो। यहाँ भाषा, धर्म, जातीय र सांस्कृतिक पहिचान फरक छन्, भूगोल फरक छ। तर यी भिन्नता विभाजनका आधार बन्ने होइनन्, राष्ट्रिय एकताको शक्ति बन्नुपर्छ। राष्ट्रिय एकता भन्नुको अर्थ सबैले एउटै भाषा बोल्नु, एउटै धर्म मान्नु वा एउटै विचार राख्नु होइन। यसको अर्थ हो- भिन्नताबिच साझा राष्ट्रिय हित पहिचान गर्नुपर्छ।

कुनै पनि राष्ट्रको दीर्घकालीन स्थिरता, समृद्धि र स्वाभिमानको मूल आधार दुई स्तम्भमा टिकेको हुन्छ- राष्ट्रिय एकता र राष्ट्रिय सुरक्षा। यी दुई तत्त्व कमजोर हुँदा राष्ट्रको अस्तित्व नै संकटमा पर्न सक्छ भन्ने कुरा इतिहासले पटक-पटक प्रमाणित गरिसकेको छ। त्यसैले, जबसम्म राष्ट्रिय एकता सुदृढ र राष्ट्रिय सुरक्षा सबल हुँदैन, तबसम्म देशले स्थिरता र स्थायित्व प्राप्त गर्न सक्दैन भन्ने यथार्थलाई बुझ्न आवश्यक छ।

इतिहासका पाना पल्टाउँदा, एकता कमजोर हुँदा राष्ट्रहरू कसरी टुक्रिएका छन् भन्ने धेरै उदाहरण भेटिन्छन्। उदाहरणका लागि, युगोस्लाभियाको युद्धको क्रममा जातीय द्वन्द्व, आन्तरिक विभाजन र कमजोर राष्ट्रिय एकताले युगोस्लाभियालाई टुक्रा-टुक्रा पार्‍यो। एउटै राष्ट्रभित्र रहेका विभिन्न समुदायबिच विश्वासको अभाव र साझा राष्ट्रिय पहिचानको कमजोर आधारले अन्ततः गृहयुद्ध र विघटनको स्थिति सिर्जना गर्‍यो। यसले स्पष्ट देखाउँछ कि राष्ट्रिय एकताबिना स्थायित्व सम्भव हुँदैन।

त्यसैगरी दोश्रो विश्व युद्धपछि कमजोर सुरक्षा संरचना भएका देशहरू बाह्य हस्तक्षेप र आन्तरिक अस्थिरताको सिकार बने। युरोपका कतिपय राष्ट्रहरूले आफ्नो सुरक्षा संयन्त्र बलियो बनाउन नसक्दा राजनीतिक अस्थिरता भोग्नुपर्‍यो। पछि ती देशहरूले सामूहिक सुरक्षा प्रणाली निर्माण गरेर मात्र दीर्घकालीन स्थिरता हासिल गर्न सके। नेपालकै सन्दर्भमा पनि राष्ट्रिय एकता र सुरक्षा कमजोर हुँदा मुलुकले अस्थिरता भोगेको इतिहास छ। दश वर्षे जनयुद्धले देखायो कि जब राज्यको सुरक्षा संरचना चुनौतीमा पर्छ र समाजभित्र असन्तोष बढ्छ, तब देश राजनीतिक, आर्थिक र सामाजिक रूपमा कमजोर हुन्छ। त्यस अवधिमा विकासका कार्यहरू अवरुद्ध भए, जनजीवन असुरक्षित बन्यो र राष्ट्रले स्थायित्व गुमायो। भाद्र २३-२४ को विद्रोहले पनि राज्यको सुरक्षा संरचना कमजोर हुँदा त्यही नियतिलाई दोहोर्‍यायो।

तर, इतिहासले सकारात्मक सन्देश पनि दिन्छ। जब राष्ट्रहरू एकताबद्ध हुन्छन् र सुरक्षा प्रणाली सुदृढ बनाउँछन्, तब उनीहरूले चुनौतीलाई अवसरमा बदल्न सक्छन्। उदाहरणका लागि, द्वितीय विश्वयुद्धपछि जापानले आफ्नो आन्तरिक एकता र संस्थागत सुदृढीकरणमा ध्यान दिएकै कारण विश्वकै अग्रणी अर्थतन्त्र बन्न सफल भयो। यसले देखाउँछ कि एकता र सुरक्षा स्थायित्वको मात्र होइन, समृद्धिको पनि आधार हो।

अन्ततः राष्ट्रिय एकता केवल नारामा सीमित रहने विषय होइन, व्यवहारमा देखिनुपर्छ। राष्ट्र बलियो हुनु भनेको केवल अग्ला भवन, फराकिला सडक, ठुला आयोजना र बढ्दो अर्थतन्त्र हुनु मात्र होइन। राष्ट्र बलियो हुनुको पहिलो अर्थ हो- आफ्नो माटो, आफ्नो सीमा, आफ्नो स्वाभिमान र आफ्ना नागरिकको भविष्य सुरक्षित हुनु। राष्ट्रिय सुरक्षा कमजोर भयो भने विकासका सबै उपलब्धि असुरक्षित हुन्छन्। आज बनाएको पूर्वाधार भोलि संकटको अवस्थामा कसरी जोगाउने ? आज कमाएको समृद्धि भोलि बाह्य दबाब र अस्थिरताबाट कसरी सुरक्षित राख्ने ? त्यसैले राष्ट्रिय सुरक्षालाई विकासभन्दा अलग विषयका रूपमा हेर्नु नै गलत दृष्टिकोण हो। सुरक्षा नै विकासको आधार हो, स्थायित्वको आधार हो र राष्ट्रिय आत्मविश्वासको आधार हो।

यसै सन्दर्भमा हाम्रो सेनाको भूमिका अत्यन्त महत्त्वपूर्ण हुन्छ। सेना केवल युद्धका बेला बन्दुक बोकेर सीमामा उभिने संस्था होइन। विपद्का बेला नागरिकको उद्धार गर्ने, राष्ट्रिय संकटमा राज्यको साथमा उभिने, कठिन भूगोलमा राष्ट्रको उपस्थिति कायम राख्ने र आवश्यक पर्दा आफ्नो जीवन नै राष्ट्रका लागि अर्पण गर्ने संस्था पनि हो।

सीमामा उभिएको एउटा सैनिक केवल एउटा व्यक्ति होइन- ऊ राष्ट्रको सार्वभौमिकताको पहरेदार हो। उसको काँधमा राखिएको बन्दुकमा केवल गोली हुँदैन, त्यसमा राष्ट्रको स्वाभिमान, नागरिकको सुरक्षा र भावी पुस्ताको भविष्यको जिम्मेवारी पनि हुन्छ। त्यसैले सेनालाई बलियो बनाउनु युद्ध खोज्नु होइन, युद्ध नआओस् भन्ने राष्ट्रिय सामर्थ्य निर्माण गर्नु हो। बलियो सेना युद्धको निम्तो होइन, शान्तिको सुरक्षा कवच हो। जसको प्रतिरक्षा क्षमता बलियो हुन्छ, उसको सार्वभौमिकतामाथि आँखा लगाउनुअघि अरूले हजारपटक सोच्नुपर्छ।

सेना बलियो भन्नुको अर्थ केवल संख्या बढाउनु वा हतियार थप्नु मात्र होइन। आधुनिक प्रविधि, सूचना-प्रणाली, साइबर सुरक्षा, गुप्तचर क्षमता, दक्ष जनशक्ति, आवश्यक स्रोत-साधन र स्पष्ट राष्ट्रिय सुरक्षा नीतिसहितको सक्षम सेना आजको आवश्यकता हो। सेनालाई राजनीतिक विवादको विषय होइन, राष्ट्रिय हितको साझा संस्थाका रूपमा हेर्न सक्नुपर्छ।

हामीले एउटा कुरा कहिल्यै बिर्सनुहुँदैन- राष्ट्र रहे मात्र राजनीति रहन्छ, राष्ट्र रहे मात्र सत्ता रहन्छ, राष्ट्र रहे मात्र विकासको अर्थ हुन्छ। राष्ट्रको अस्तित्व नै संकटमा परेपछि हामीले बनाएका विचार, दल, सत्ता र व्यक्तिगत उपलब्धिहरू सबै अर्थहीन बन्न सक्छन्।

त्यसैले राष्ट्रिय सुरक्षालाई तत्कालीन राजनीतिक स्वार्थभन्दा माथि उठाएर हेर्नुपर्छ। सरकार फेरिन सक्छन्, दलका नीति बदलिन सक्छन्, नेताहरू आउँछन् जान्छन्, तर राष्ट्रको सुरक्षा, सार्वभौमिकता र राष्ट्रिय स्वाभिमान कुनै दलको निजी सम्पत्ति होइन, यो सम्पूर्ण नेपालीको साझा जिम्मेवारी हो।

हाम्रो सेनाको मनोबल उच्च राख्नु, आवश्यक स्रोत-साधन उपलब्ध गराउनु र संस्थागत क्षमता अभिवृद्धि गर्नु भनेको सैनिकलाई मात्र सम्मान गर्नु होइन, राष्ट्रको भविष्यलाई सुरक्षित गर्नु हो।

विकसित राष्ट्रले मात्र समृद्धि बाँड्न सक्छ र आत्मविश्वासी राष्ट्रले मात्र आफ्नो स्वाभिमान जोगाएर विश्वसामु शिर ठाडो पार्न सक्छ। आज हामीले सेनालाई बलियो बनाउने कुरा गर्दा युद्धको भाषा बोलिरहेका छैनौं। हामी त आफ्ना सन्तानले भोलि सुरक्षित आकाशमुनि, सुरक्षित सीमाभित्र र आफ्नै निर्णयमा बाँच्न पाऊन् भन्ने सुनिश्चित गर्ने कुरा गरिरहेका छौं। राष्ट्रको सुरक्षा कुनै विलासिता होइन, राष्ट्रको अस्तित्वको पहिलो सर्त हो। त्यो अस्तित्वको पहरेदारी गर्ने सेनाको मनोबल, क्षमता र प्रतिष्ठा बलियो बनाउनु सबल, सुरक्षित र सुदृढ नेपाल निर्माणतर्फको अपरिहार्य कदम हो।

भाषा, धर्म, जातीयता वा क्षेत्रीय भिन्नताभन्दा माथि उठेर साझा राष्ट्रिय पहिचान निर्माण गर्नु आजको आवश्यकता हो। त्यस्तैं, राष्ट्रिय सुरक्षा केवल सेनाको जिम्मेवारी मात्र होइन, यो समग्र राज्य संयन्त्र, राजनीतिक स्थिरता, आर्थिक सुदृढता र नागरिकको विश्वाससँग जोडिएको विषय हो।

*- गुरुङ राष्ट्रिय प्रजातन्त्र पार्टीका महामन्त्री हुन्।*



# ८६ हजारभन्दा बढी जनसंख्या विपद्को उच्च जोखिममा

**गणेश विशु**
*बाँके, भदौ २*

बाँकेमा बाढी, डुबान, आगलागी, सडक दुर्घटना, हुरीबतास, चट्याङलगायतका विपद्बाट ठूलो परिवार जोखिममा रहने आकलन गरिएको छ। जिल्ला विपद् व्यवस्थापन समितिले तयार पारेको 'जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना-२०८३' ले जिल्लाका विभिन्न स्थानीय तहमा विपद्को जोखिम उच्च रहेको देखाएको हो।

योजनामा उल्लिखित विवरणअनुसार जिल्लाका आठ स्थानीय तहमा विपद्बाट सम्भावित रूपमा १७ हजार दुई सय ४३ घरधुरीका ८५ हजार ६ सय ३८ जनसंख्या प्रभावित हुन सक्ने आकलन गरिएको छ। सबैभन्दा बढी जोखिम डुडुवा गाउँपालिकामा देखिएको छ। डुडुवामा तीन हजार ६ सय ८२ घरधुरीका १९ हजार ८ सय ५२ जना प्रभावित हुन सक्ने अनुमान गरिएको छ। राप्तीसोनारी गाउँपालिकामा तीन हजार दुई सय ७९ घरधुरीका १७ हजार ६ सय ९५ जना, नरैनापुर गाउँपालिकामा तीन हजार एक सय ६३ घरधुरीका १५ हजार चार सय ७० जना र कोहलपुर नगरपालिकामा ३ हजार १६३ घरधुरीका १३ हजार २६६ जना प्रभावित हुन सक्ने योजनामा उल्लेख छ। खजुरामा एक हजार ४९५ घरधुरीका सात हजार ४७५ जना, बैजनाथमा एक हजार ३१० घरधुरीका ६ हजार २० जना, नेपालगन्जमा ७६० घरधुरीका तीन हजार एक सय ६० जना र जानकी गाउँपालिकामा ३९१ घरधुरीका २ हजार सात सयजना प्रभावित हुन सक्ने अनुमान गरिएको छ।

विशेषगरी डुडुवा गाउँपालिकाका बाढी तथा डुबान प्रभावित क्षेत्रलाई उच्च जोखिममा राखिएको छ। वडा नं १ का पिप्रहवा, कृषिचौफेरी, पाफमा, खडैचा र टेपरी, वडा नं २ का सन्तलिया, अमृतपूर्वा, भैलोरुपवा, दासपूर्वा, खालेपूर्वा, बाबागाउँ, कैरातीपूर्वा र कोहलीलगायतका बस्ती जोखिममा छन्। त्यस्तै वडा नं ३ का रमपुर्वा, कटौहिया, हलकारापुर्वा, लोघपुर्वा र राजापुर तथा अन्य वडाका बस्तीसमेत बाढी र डुबानको जोखिममा रहेको योजनाले औंल्याएको छ। जिल्लामा विपद् आएपछि उद्धार तथा प्रतिकार्यका लागि विभिन्न सुरक्षा निकाय र संस्थालाई परिचालन गर्ने तयारी गरिएको छ। योजनाअनुसार नेपाली सेनामा दुई सय तालिमप्राप्त जनशक्ति रहेको र एक हजार नौ सयजनासम्म परिचालन गर्न सकिने क्षमता छ। नेपाल प्रहरीतर्फ २५ जना तालिमप्राप्त र सात सयजना परिचालन गर्न सकिने जनशक्ति रहेको उल्लेख छ। सशस्त्र प्रहरी बलसँग ५० जना तालिमप्राप्त र ६ सय जना परिचालन गर्न सकिने जनशक्ति रहेको छ।

> बाढी तथा डुबानको उच्च जोखिममा रहेका दक्षिणी क्षेत्रका बस्तीमा पूर्वसूचना प्रणाली, सुरक्षित आश्रयस्थल, उद्धार सामग्री र पर्याप्त जनशक्तिको व्यवस्थापन तत्काल सुदृढ गर्नुपर्ने देखिन्छ।

त्यसैगरी नेपाल रेडक्रस सोसाइटीसँग पाँच सय जना तालिमप्राप्त र दुई सय ५० जना परिचालन गर्न सकिने जनशक्ति तथा स्थानीय संघसंस्थासँग दुई सय जना तालिमप्राप्त र सयजना परिचालन गर्न सकिने जनशक्ति रहेको योजनामा उल्लेख छ। समग्रमा ९७५ जना तालिमप्राप्त जनशक्ति र २ हजार ५५० जनासम्म परिचालन गर्न सकिने क्षमता रहेको जनाइएको छ, तर विपद् व्यवस्थापनका लागि आवश्यक बजेटको अवस्था भने कमजोर देखिएको छ। योजनामा विभिन्न विषयगत क्षेत्रमा विपद् प्रतिकार्यका लागि बजेट आवश्यक भए पनि सम्बन्धित कार्यालयहरूको वार्षिक कार्यक्रम तथा बजेटमा विपद् व्यवस्थापनका लागि पर्याप्त बजेट विनियोजन नहुँदा विपद् पछि कार्यक्रम सञ्चालन र बजेट व्यवस्थापनमा समस्या पर्ने उल्लेख गरिएको छ।

बाँकेको भौगोलिक अवस्थिति, भारतसँग जोडिएको दक्षिणी सीमावर्ती क्षेत्र, राप्ती नदी तथा अन्य खोला-नालाको प्रभाव र बर्सेनि हुने डुबानका कारण जिल्लामा बाढी तथा डुबानको जोखिम उच्च मानिन्छ। त्यससँगै सहरी क्षेत्रमा आगलागी, राजमार्ग तथा ग्रामीण सडकमा सडक दुर्घटना, गर्मी तथा वर्षायाममा चट्याङ र हुरीबतासको जोखिमसमेत कायम छ। जिल्ला विपद् पूर्वतयारी तथा प्रतिकार्य योजनाले जोखिम पहिचानसँगै पूर्वतयारी, उद्धार, राहत, पुनर्स्थापना र पुनर्निर्माणलाई प्रभावकारी बनाउनुपर्ने आवश्यकता औंल्याएको छ। जोखिममा रहेका बस्तीको पहिचान भए पनि विपद् आउनुअघि आवश्यक स्रोत, सामग्री, जनशक्ति र बजेटको पर्याप्त व्यवस्था गर्न नसके क्षति नियन्त्रणमा चुनौती थपिने देखिएको छ।

बाँकेमा ठुलो संख्यामा जनसंख्या सम्भावित रूपमा प्रभावित हुन सक्ने तथ्यले विपद् व्यवस्थापनलाई आकस्मिक उद्धारमा मात्र सीमित नगरी जोखिम न्यूनीकरण र पूर्वतयारीलाई प्राथमिकतामा राख्नुपर्ने देखाएको छ। विशेषगरी बाढी तथा डुबानको उच्च जोखिममा रहेका दक्षिणी क्षेत्रका बस्तीमा पूर्वसूचना प्रणाली, सुरक्षित आश्रयस्थल, उद्धार सामग्री र पर्याप्त जनशक्तिको व्यवस्थापन तत्काल सुदृढ गर्नुपर्ने आवश्यकता देखिन्छ।

---

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौ**
**फोनः ०१-४५२१८६१/६२/६३**

## कर्जा चुक्ता नगर्ने ऋणीको धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री गर्न गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सम्बन्धी २१ दिने सूचना

**सूचना प्रकाशित मिति : २०८३/०५/०३ गतेको नागरिक राष्ट्रिय दैनिक**

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०५/२३ गते कार्यालय समय भित्र**

यस डेभलपमेन्ट बैंकबाट कर्जा सुरक्षण वापत तपसिलमा उल्लेखित सम्पत्ति धितो जमानतमा राखी तपसिलका ऋणीहरुले यस डेभलपमेन्ट बैंकको निम्न शाखा कार्यालयबाट विविध कर्जा शीर्षक अन्तर्गत लिई उपभोग गर्ने तपाई ऋणीले यस बैंक सँग गर्नु भएको कर्जाको शर्त सम्झौता बमोजिम समय-समयमा यस बैंकलाई बुझाउनु पर्ने साँवा, व्याज, हर्जाना र अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्न पटक-पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत बुझाउनु पर्ने रकम नबुझाई बैंकसँग गरेको ऋण तथा कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले र पत्र-पत्रिका द्वारा सार्वजनिक सूचना प्रकाशन गर्दा समेत कर्जा चुक्ता नगरेकोले कर्जाको सम्पूर्ण साँवा, व्याज, हर्जाना लगायतका अन्य दै-दस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणी, धितो सुरक्षणधनी तथा जमानत कर्ता समेतलाई यसै सूचनाद्वारा पुनः सूचित गर्नुका साथै गोप्य शिलबन्दी बोलपत्रद्वारा चल/अचल सम्पत्ति लिलाम बिक्री गर्नको लागि २१ (**एक्काइस**) **दिने** सूचना प्रकाशित गरि आह्वान गरिएको छ। तोकिएको समय भित्र कर्जा चुक्ता नभएमा उल्लेखित चल/अचल सम्पत्ति जहाँ जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट धितो लिलाम बिक्री (दाखिल खारेज नामसारी प्रयोजनको लागि मात्र) गरि नामसारी गरिने भएकोले सो अवधिमा कार्यालय समय भित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलीपल्ट वा सो दिन बिदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा बिहानको ११:०० बजे सम्बन्धित शाखा कार्यालयमा खोलिने हुँदा बोलपत्रदाता वा आधिकारीक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराइन्छ। तर बोलपत्रदाताको अनुपस्थितीले बोलपत्र खोल्न बाधा पुग्ने छैन। उक्त म्याद भित्र समेत कर्जा चुक्ता नभएमा ऋणीको नाम नेपाल राष्ट्र बैंकको निर्देशिका बमोजिम कर्जा सूचना केन्द्रको कालो सूचीमा अन्य कुनै सूचना बिनानै समावेश गरिने समेत सम्बन्धित सबैलाई जानकारी गराइन्छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम ऋणीको अन्य चलअचल सम्पत्तिबाट समेत असूल उपर गरी लिइने व्यहोरा समेत जानकारी गराईन्छ।

**तपसिल**

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **१. ऋणी : शिव शक्ति कंक्रिड उद्योग**<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय भरतपुर, चितवन<br>प्रा.फ.नं. : २१/०६३/०६४<br>पान नं. ३०२३९२२१६<br>दर्ता मिति : २०६३/०४/१७<br>ठेगाना : रत्ननगर -०३, चितवन<br>**प्रोप्राईटर/जमानतकर्ताको नाम: अर्जुन पुरी**<br>बाबुको नाम : भिम वहादुर पुरी<br>बाजेको नाम : खड्ग बहादुर पुरी<br>ठेगाना : रत्ननगर -०३, चितवन<br>ना.प्र.नं. : ६६४२/०५५<br>जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन<br>जारी मिति : २०५५/०४/२०<br>**कर्जा लिएको शाखा : हाकिमचोक, चितवन** | **क) नाम : संगिता पुरी**<br>बाबुको नाम : शुक्र वहादुर धिताल<br>पतिको नामः अर्जुन पुरी<br>ससुराको नाम : भिम बहादुर पुरी<br>ठेगाना : रत्ननगर -०३, चितवन<br>ना.प्र.नं. : ८०६४/०५९, जारी मिति : २०५९/१०/२७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन<br>**ख) नाम : अनिश पुरी**<br>बाबुको नाम : अर्जुन पुरी<br>बाजेको नाम : भिम बहादुर पुरी<br>ठेगाना : रत्ननगर -०३, चितवन<br>ना.प्र.नं. : ३५-०१-७३-०७६८४, जारी मिति : २०७३/०७/०१<br>जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन<br>**ग) नाम : आशिष पुरी**<br>बाबुको नाम : अर्जुन पुरी<br>बाजेको नाम : भिम बहादुर पुरी<br>ठेगाना : रत्ननगर-०३, चितवन<br>ना.प्र.नं.: ३५-०१-७५-०९१२९, जारी मितिः २०७५/०९/०४<br>जारी गर्ने कार्यालय : जि.प्र.का., चितवन |

**सुरक्षणमा रहेको धितोको विवरणः**

१) श्री मालपोत कार्यालय भरतपुर, चितवनमा संगिता पुरीको नाममा दर्ता कायम रहेको चितवन जिल्ला, हाजीपुर-०६/६क स्थित कि.नं. १३३८ को क्षेत्रफल ८४.६५ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पुर्ण लिगलगापात समेत।

२) श्री मालपोत कार्यालय भरतपुर, चितवनमा अर्जुन पुरीको नाममा दर्ता कायम रहेको चितवन जिल्ला, हाजिपुर-०६/६क स्थित कि.नं. २००३ को क्षेत्रफल २२८.५७ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

३) यस डेभलपमेन्ट बैंकको नाममा दर्ता भई ऋणी शिव शक्ति कंक्रिड उद्योग कायम रहेको निम्न अनुसारको सवारी साधन २ थान।

**क) सवारी दर्ता नं. : बा.प्र-०१-००३ क ९९६२**
कम्पनीको नाम : M.A.W EARTHMOVERS Pvt.Ltd
मोडेल : JCB 3DX SUPER BACKHOE LOADER
बनेको साल : २०२१
सि.सि./हर्ष पावर : ९२ हर्ष पावर
ईन्जिन नम्बर : H00310475
च्यासिस नम्बर : HAR3DXSUK03018063
सवारीको रङ्ग : पहेलो
सवारीको प्रयोग : निजी

**ख) सवारी दर्ता नं. : बा.प्र-०३-००१ त ३६७**
कम्पनीको नाम : Mahindra & Mahindra Ltd
मोडेलः Mahindra YUVO 575 DI 2WD TRACTOR
बनेको साल : २०२१
सि.सि./हर्ष पावर : २९७९ सि.सि
ईन्जिन नम्बर : NMC5GFE0004
च्यासिस नम्बर : MBNUFALYAMNC00841
सवारीको रङ्ग : रातो
सवारीको प्रयोग : निजी

| ऋणीको विवरण | जमानतकर्ताको विवरण |
|---|---|
| **२) ऋणीः मो. मोस्ताक अंसारी**<br>बाबुको नाम : अब्दुल रहिम अंसारी<br>बाजेको नाम : सदिक अंसारी<br>ठेगाना : ईश्वरपुर -०३, सर्लाही<br>हालको ठेगानाः ईश्वरपुर -०७, सर्लाही<br>ना.प्र.नं.: १९३०५६/१२६७<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही<br>जारी मितिः २०६३/१२/०८<br>**कर्जा लिएको शाखा : वयलवास, सर्लाही**<br>**सुरक्षणमा रहेको धितोको विवरणः** श्री मालपोत कार्यालय मलंगवा, सर्लाहीमा मो. मोस्ताक अंसारीको नाममा दर्ता कायम रहेको सर्लाही जिल्ला, ईश्वरपुर -०३/३क स्थित कि.नं. ५०१ को क्षेत्रफल १३१.२२ व.मी. रहेको घर/जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत। | **क) नाम :नसीरा खातुन**<br>बाबुको नाम : मो.अजिज अंसारी<br>पतिको नामः मो. मोस्ताक अंसारी<br>ससुराको नाम : अब्दुल रहिम अंसारी<br>ठेगानाः ईश्वरपुर-०३, सर्लाही<br>हालः ईश्वरपुर-०७, सर्लाही<br>ना.प्र.नं.: १९३०५६/७४, जारी मिति : २०६३/१२/११<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही<br>**ख) नाम : रुस्तम अंसारी**<br>बाबुको नाम : मो. मोस्ताक अंसारी<br>बाजेको नामः अब्दुल रहिम अंसारी<br>ठेगानाः ईश्वरपुर-०७, सर्लाही<br>ना.प्र.नं.: १९-०२-७४-००७७७, जारी मिति : २०७४/०२/११<br>जारी गर्ने कार्यालय : जि.प्र.का., सर्लाही |

**शर्तहरु :**

१. बोलपत्र फाराम डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयबाट यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९३०७४०१०५०१०१ को "SDBL– Other Non-Operating Income" मा रु ५००.००(अक्षेरुपी रु. पाँचसय रुपैंया मात्र) जम्मा गरी खरिद गर्न सकिनेछ।
२. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। बोलपत्र फाराममा आफूले लिन चाहेको चल/अचल सम्पत्तिको विवरण यस डेभलपमेन्ट बैंकबाट प्रकाशित सूचनाको आधारमा भर्नु पर्नेछ।
३. बोलपत्रदाताले आफूले लिन कबोल गरेको रकमको कम्तिमा १० प्रतिशतले हुने रकम धरौटी वापत यस डेभलपमेन्ट बैंकको कुनै पनि शाखा कार्यालयमा यस बैंकको सम्बन्धित शाखा कार्यालयको खाता नं. ९२०६५०१०७०५०१ को "SADBL– Auction Deposit (Lilami)" मा Manager's Cheque, Good For Payment Cheque वा नगदै जम्मा गरी सक्कल रसिद यस बोलपत्र फारम साथ संलग्न गरी यस डेभलपमेन्ट बैंकको सम्बन्धित शाखा कार्यालय वा केन्द्रीय कार्यालयमा रहेको कर्जा असुली इकाईमा पेश गर्नुपर्नेछ।
४. लिलाम बिक्री हुने धितो निरिक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ। साथैं सोहि अवस्था तथा परिमाणमा स्वीकार गरी लिनु पर्नेछ।
५. बोलपत्र स्वीकृत भएको वा नभएको जानकारी बोलपत्रदातालाई गराईनेछ र बोलपत्र स्वीकृत हुने बोलपत्रदाताले उक्त जानकारी पाए पछि बैंकले तोकेको समय मिति भित्र कबोल गरेको रकममा धरौटी रकम घटाई बाँकी सम्पूर्ण रकम बुझाई उपरोक्तानुसारको चल/अचल सम्पत्तिहरु आफ्नो नाँउमा नामसारी गरि लिनुपर्नेछ। सो म्याद भित्र बाँकी रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ।
६. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन। साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुङ्गो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिईने छैन। उक्त धरौटी रकममा कुनै ब्याज दिइने छैन।
७. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ।
८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस डेभलपमेन्ट बैंकमा नै नीहित रहनेछ र अस्वीकृत गर्दा डेभलपमेन्ट बैंकले कुनै पनि कारण खुलाउनुपर्ने छैन।
९. बोलपत्र सदर वा सुरक्षरणमा रहेको धितो नामसारी हुनु अगावै ऋणीले सम्पूर्ण रकम बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी रकम फिर्ता दिन सकिनेछ र उक्त धरौटी रकममा कुनै ब्याज समेत प्रदान गरिने छैन।
१०. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्न आदेश प्राप्त भएमा लिलाम रोक्का गर्न सकिनेछ।
११. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने सम्पूर्ण खर्चहरु स्वयम् बोलकबोल दाताले व्यहोर्नु पर्नेछ।

---

**NIC ASIA**
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: का.म.पा., वडा नं. २८, कमलादी, प्रज्ञा मार्ग
फोन नं.: +९७७-१-५९७१२२७/९८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, केन्द्रिय असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, व्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, व्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १ | **१) ऋणी फर्म : कलावती आयल स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता: कलावती देवी**<br>**दर्ता नं.:** वाणिज्य कार्यालय वीरगंजमा प्रा.फ.र.नं. २२५०७/०६१/०६२ स्थानीय व्यापार, **दर्ता मिति** २०६१/१२/०४, **ठेगाना:** जिल्ला पर्सा, रामगढवा गा.वि.स. वडा. नं. २ |
| | **२) ऋणी फर्म : कृष्ण कन्हैया गल्ला भण्डार, प्रोप्राईटर तथा जमानीकर्ता: मोहन साह कलवार**<br>**दर्ता नं.:** वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण कार्यालय, वीरगंज, पर्सामा प्रा.फ.र.नं. १०५५६/०५५/५६, स्थानीय व्यापार, **दर्ता मिति** २०५५/१०/२०, **ठेगाना:** जिल्ला पर्सा, सुगौली विर्ता गा.वि.स. वडा. नं. १ |
| | **३) ऋणी: मोहन साह कलवार**<br>स्थायी ठेगाना : पर्सा जिल्ला, सुगौली विर्ता गा.वि.स. वडा. नं. १, हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा. नं. २६, बाबु : राम शंकर साह कलवार, बाजे : सहोदर साह कलवार |
| २ | **ऋणी फर्म : कार्की ब्याग उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता : बल बहादुर कार्की**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, रुपन्देही, सिद्धार्थनगरमा उ.द.नं. १५७४३/०७४/०७५ दर्ता मिति: २०७५/०३/१०, ठेगाना: जिल्ला रुपन्देही, तिलोत्तमा न.पा. वडा नं. ४ |
| ३ | **ऋणी फर्म: अविशेख सप्लायर्स, साझेदार तथा जमानीकर्ता: १) अविशेख चौधरी, २) असोक कुमार चौधरी**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय गौर रौतहटमा सा.फ.नं. ५४/६/०७९/०८०, **दर्ता मिति:** २०८०/०१/२४, **ठेगाना:** जिल्ला रौतहट, प्रतापपुर पल्टुवा गा.वि.स. वडा नं. ४ (हाल गुजरा न.पा. वडा नं. ७) |
| ४ | **ऋणी फर्म: फुल माया होटल, प्रोप्राईटर तथा जमानीकर्ता: फुल कुमारी देवी मण्डल**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय कोशी प्रदेश इटहरी, सुनसरीमा उद्योग दर्ता नं.सु. २१६४६/०८१/०८२, **दर्ता मिति:** २०८१/०६/०६, **ठेगाना:** जिल्ला सुनसरी, ईनरुवा न.पा. वडा नं. ४ |
| ५ | **१. ऋणी फर्म : पंञ्चामृत पशुपालन फर्म, प्रोप्राईटर तथा जमानीकर्ता : लिला देवी पोखेल**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.नं. १३०/२०६८/६९, **दर्ता मिति** २०६८/०७/१६, **ठेगाना:** जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १५ |
| | **२. ऋणी फर्म : ॐ आदित्य राइस मिल, प्रोप्राईटर तथा जमानीकर्ता : लिला देवी पोखेल**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.नं. ३८१/०७२/०७३, **दर्ता मिति** २०७२/१०/११, **ठेगाना:** जिल्ला चितवन, रत्ननगर न.पा. वडा नं. १५ |
| ६ | **ऋणी फर्म : के.एस. आल्मोनियम एण्ड इन्टेरिएर डेकोरेटर, प्रोप्राईटर तथा जमानीकर्ता : कुणाल श्रीवास्तव**<br>**दर्ता नं.:** घरेलु तथा साना उद्योग कार्यालय, मकवानपुरमा प्रा.फ.नं. ८२८९/१७७/२०७०/२०७१, **दर्ता मिति** २०७०/०८/१८, **ठेगाना:** जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. २ |
| ७ | **ऋणी फर्म : सरस्वती सप्लायर्स, प्रोप्राईटर तथा जमानीकर्ता : केदार प्रसाद अधिकारी**<br>**दर्ता नं.:** बाणिज्य विभाग, बबरमहल, काठमाडौंमा प्रा.फ.र.नं. ५१८/५१८/२०७४/२०७५, स्था. व्या., **दर्ता मिति** २०७४/१२/०६, **ठेगाना:** जिल्ला मकवानपुर, हेटौंडा उ.म.न.पा. वडा नं. ४ |

नोट: ऋणी/सञ्चालक/प्रोपाईटर बाहेक सूचनामा उल्लेखित अन्य ब्यक्तिहरुको नाम ऋणी/सञ्चालक/प्रोपाईटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

---

**NIMB**
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग, काठमाडौं, नेपाल, पोष्ट बक्स नं. ३४१२
फोन नं. ९७७-१-५३२८२२९, ५३४२५३०
इमेल : info@nimb.com.np
वेबसाइट : www.nimb.com.np

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको बैंकमा धितो राखेको चल/अचल सम्पत्तिहरु लिलाम बिक्री गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना

**(प्रकाशित मिति : २०८३/०५/०३)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरुले यस बैंकबाट उपभोग गर्नुभएको कर्जा रकम बैंकसँग गर्नुभएको कर्जा सम्झौता बमोजिम तिर्न बुझाउनको लागि यस बैंकबाट पटक पटक मौखिक, लिखित ताकेता गर्दा तथा देहाय बमोजिम विभिन्न मितिमा ऋण, कर्जा चुक्ता गर्न सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सम्बन्धित ऋणी तथा जमानीकर्ताहरुले सो को पूर्ण वेवास्ता गरि कर्जा चुक्ता गर्नेतर्फ कुनै पहल नगरेको हुनाले यो लिलाम सूचना प्रकाशित गरिएको छ। **अत : यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र** उक्त कर्जाको सम्पूर्ण साँवा, व्याज तथा हर्जाना लगायतका अन्य दैदस्तुर समेत तिरी बुझाई कर्जा चुक्ता भुक्तान गर्न गराउनको लागि सम्बन्धित ऋणीलाई यो सूचनाद्वारा जानकारी गराईन्छ। उक्त म्यादभित्र समेत सो कर्जा चुक्ता नभएमा ऋणी सबैलाई अन्य कुनै सूचना नदिई नेपाल राष्ट्र बैंकद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थाहरुलाई जारी एकिकृत निर्देशन, बमोजिम **कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गरिने व्यहोरा जानकारी गराउँदै** कर्जाको सुरक्षणको रुपमा बैंकलाई धितोबन्धक लेखिदिएका तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी उल्लेखित बमोजिमको मिति, समय र स्थानमा **गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट** लिलाम बिक्री गरिने भएकाले सो सम्पत्ति खरिद गरि लिन ईच्छुक महानुभावहरुको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ। उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षण धनी, ईच्छुक खरिदकर्ता तथा सम्बद्ध सबैमा अनुरोध छ। कुनै कारणवश तपसिलमा उल्लेखित सम्पत्ति लिलाम बिक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेचबिखन गर्नसक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिनसक्ने र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता रकम असुल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गर्न आवश्यक कारवाही अघि बढाईने व्यहोरा समेत जानकारी गराईन्छ।

**बोलपत्र पेश गर्ने अन्तिम मिति २०८३/०५/१७**

**बोलपत्र खोलिने मिति २०८३/०५/१८ दिउँसो ३ बजे**

**तपसिल**

| क्र.सं. | ऋणी/प्रोप्राईटर/शेयरधनि/संचालक/साझेदार/ व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण |
|---|---|
| १. | **ऋणी : न्यू नेत्र ट्रेडर्स एण्ड सप्लायर्स (विविध कर्जा),** प्रा.फा.र.नं. ३८५/०७२/७३, ठेगाना : बेलौरी न.पा. ४, कञ्चनपुर, **ऋण प्रवाह गर्ने शाखा : धनगढी**<br>**प्रोप्राईटर/व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. काली चरण चौधरी-प्रोप्राईटर/जमानीकर्ता** (ना.प्र.नं. ७५५४२१००२७, मिति २०३४/०१/२२ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>बाबु : फुट लाल चौधरी, बाजे : हरि लाल चौधरी<br>**२. लउङ्गी डगौरा-जमानीकर्ता** (ना.प्र.नं. ५४२१००२५, मिति २०३५/०१/१९ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>पति : काली चरण चौधरी, ससुरा : फुट लाल चौधरी<br>**३. नेत्र लाल चौधरी-जमानीकर्ता** (ना.प्र.नं. ७५२०१६/५९९, मिति २०६६/१२/०२ मा जि.प्र.का. कञ्चनपुरबाट जारी भएको)<br>बाबु : काली चरण चौधरी, बाजे : फुट लाल चौधरी<br>**४. प्यारी चौधरी-जमानीकर्ता** (ना.प्र.नं. ७५२०१६/८९२, मिति २०६७/१२/०२ मा जि.प्र.का.कञ्चनपुरबाट जारी भएको)<br>पति : नेत्र लाल चौधरी, ससुरा : काली चरण चौधरी<br>**धितो सुरक्षणमा रहेको चल/अचल सम्पत्तिहरुको विवरण**<br>नेत्र लाल चौधरीको नाममा कञ्चनपुर जिल्ला मालपोत कार्यालय कञ्चनपुरमा दर्ता कायम रहेको कञ्चनपुर जिल्ला, लक्ष्मीपुर गा.वि.स./न.पा. वडा नं. २ स्थित कि.नं. ६८४ (१८२९ व.मि.) क्षेत्रफल भएको घर/जग्गा तथा उक्त घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।<br>**नोट :** बोलपत्र खोलिने स्थान : शाखा कार्यालय धनगढी/सम्बन्धित मालपोत नजिकको शाखा |

**धितो लेखिदिने तथा व्यक्तिगत जमानी दिनेलाई सूचना :**

उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै प्रकाशित सूचनाको म्यादभित्र शिघ्र कर्जा भुक्तानी गरी/गराई आफ्नो सम्पत्तिको उचित संरक्षण गर्नुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। तोकिएको दिन धितो लिलाम बिक्रीको कार्य हुने भएकोले लिलाम हुँदाका दिन लिलामबाट कायम हुने धितो मूल्य घटी वा बढी हुने प्रक्रियामा समेत धितो धनीहरुलाई उपस्थित हुन सूचित गरिएको छ। धितो लेखिदिएको सम्पत्ति लिलाम बिक्री गरि वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मूल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरिलिएमा पछि मेरो/हाम्रो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरिलियो भनी कहि कतै उजुर बाजुर गर्न पाउनुहुनेछैन। साथै धितो लिलाम बिक्री सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछन्।

**नोट :**

क) बोलपत्र फारम यस बैंकको कर्जा असुली विभाग राइजिङ्ग मल कमलादी काठमाडौं वा बैंकको सम्बन्धित शाखाबाट दस्तुर रु. १०००/- तिरी लिन सकिनेछ।
ख) बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। सो सूचना प्राप्त भए पश्चात स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको दिन भित्र कवोल गरेको सम्पूर्ण रकम (धरौटी वापत जम्मा गरेको रकम घटाई बाँकी) तोकिएको खातामा जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकममध्ये धरौटी राखेको रकम घटाई बाँकी रकम दाखिला नगरेमा/गर्न नसकेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
ग) उल्लेखित सम्पत्तिहरुमध्ये अचल सम्पत्तिको हकमा सम्बन्धित निकायमा हालसम्मको तिर्न बाँकी अचल सम्पत्ति (घर-जग्गा) कर, राजस्व, मालपोत, अचल सम्पत्ति नामसारी वापत तिर्नुपर्ने रजिष्ट्रेशन दस्तुर तथा पूँजीगत लाभकर लगायतका सम्पूर्ण राजस्व, कर एवं खर्च तथा सवारी साधनको हकमा सम्बन्धित निकायमा हालसम्म तिर्न बाँकी सवारी साधन कर, प्रदुषण कर, राजस्व, सवारी साधन नामसारी वापत तिर्नु पर्ने नामसारी दस्तुर लगायतका सम्पूर्ण राजस्व एवं सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण खर्च/दस्तुर बोलपत्रदाता स्वयंले व्यहोर्नु पर्नेछ।
घ) कुनै अड्डा, अदालत वा संवैधानिक निकायबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटी वापत जम्मा गरेको रकम फिर्ता दिईनेछ, तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
ङ) बोलपत्र फाराममा उल्लेखित शर्तहरु समेत लिलामी कार्यको लागि निः शर्त लागु हुनेछ।

नागरिक आर्थिक

बुधबार, ३ भदौ २०८३, Wednesday, 19 August 2026

## बजार

सुन तोला - ३०६,८००
चाँदी तोला - ४७५५

| विदेशी मुद्रा | खरिद | बिक्री |
|---|---|---|
| अमेरिकी डलर | १५२.८० | १५३.४० |
| युरो | १७६.९३ | १७७.६२ |
| पाउन्ड स्टर्लिङ | २०६.७५ | २०७.५६ |



# अन्नपूर्ण आधारशिविरसम्मको पदमार्ग खुलाउँदै स्थानीय

**सन्तोष पोखरेल**

*पोखरा, भदौ २*

मोदी खोलामा आएको बाढीले गत बिहीबार मध्यरात कास्कीको अन्नपूर्ण गाउँपालिकाको माथिल्लो क्षेत्रको प्रवेशद्वारमा व्यापक क्षति गऱ्यो । बाढीले अन्नपूर्ण गाउँपालिका-८ वीरेठाँटीको बजार जोखिममा त पाऱ्यो नै गाउँपालिकाको चारवटा वडासँगको यातायात सञ्जाल पूर्णरूपमा बिच्छेद गरेको थियो। अन्नपूर्ण आधारशिविर (एबिसी) को प्रवेशद्वार (वीरेठाँटी) मै भएको ब्यापक कटानले यातायात मात्र नभई पैदलयात्रामा समेत जोखिम थपिएको थियो।

अन्नपूर्ण क्षेत्रको घान्द्रुक, घोरेपानी, छोमरोङ हुँदै अन्नपूर्ण आधारशिविर (एबिसी) सम्मको सडक सम्पर्कलाई वीरेठाँटीको पहिरोले विच्छेद गरिदिएको थियो। सडक सञ्जाल विच्छेद भएपछि सुरुका दुई दिन पूर्ण रूपमा हिँडडुल पनि रोकियो तर अहिले विस्तारै पदयात्रामा पर्यटक जान थालेका छन् भने सवारी सञ्चालन लागि वीरेठाँटीमा काम थालिएको छ। खोलाको भेल कम भएको मौका पारेर मंगलबारदेखि डोजर परिचालन गरेर सडक खुलाउने प्रयास थालिएको गाउँपालिकाले बताएको छ।

गाउँपालिकाका प्रवक्ता भरतमान गुरुङका अनुसार बाटो कटान भएसँगै वीरेठाँटी-घान्द्रुक सडक पूरै विच्छेद भएको थियो। यो सडक हुँदै एबिसीसम्मको पदयात्रा हुन्छ। अन्नपूर्ण गाउँपालिकाका ८, ९, १० र ११ वटा वडासँगको यातायात सञ्जाल सम्पर्क टुटेको थियो। नदीको कटानले वीरेठाँटीको सिंगो बस्ती नै जोखिममा पारेको थियो। 'खोलामा बहाव केही घटेको छ। यही मौका पारेर कटान भएको ठाउँमा ग्याभिन जाली भरेर भए पनि सडक सञ्चालन गर्ने प्रयास थालिएको छ', उनले भने, 'खोलामा बहाव बढेन भने समस्या पर्दैन। अहिले बहाव घटेको छ।'

उनका अनुसार खोलापारि रहेका दुई वटा डोजर सञ्चालन गरिएको छ भने वारिपट्टिबाट पनि थप एउटा डोजर परिचालन गर्ने तयारी छ। तीनवटा डोजरमार्फत खोलाको बहाव डाइभर्ट गर्ने र त्यसपछि मात्र पर्खाल लगाउन सकिने उनले बताए। 'बहाव घटेको मौका पारेर खोला नै डाइभर्ट गर्ने हो। त्यसपछि कटान भएको ठाउँमा ग्याभिन जाली भर्ने हो', उनले भने, 'खोलाको बहाव परिवर्तन गरेपछि मात्र त्यहाँ काम गर्न सकिन्छ, खोला डाइभर्ट नगरेसम्म कटान भएको ठाउँमा संरचना बनाउन सकिँदैन। अहिलेकै अवस्थामा त्यहाँसम्म उपकरण लैजान पनि ठाउँ छैन।' कटान रोकेर पुल र जोखिममा रहेका घर जोगाउने पहिलो प्राथमिकता दिएको उनले बताए।

अन्नपूर्ण-७ का अध्यक्षसमेत रहेका गुरुङका अनुसार खोला नै डाइभर्ट गर्न कम्तिमा तीन दिन लाग्छ। त्यसपछि १० दिन हाराहारीमा ग्याभिन जाली भर्न सकिन्छ भन्ने अनुमान हो। थप पानी परेन भने अबको दुई साताामा जीपसम्म वारपार गर्न सकिने बनाउने प्रयास गरेको उनले बताए। अहिले कटान भएको बाहेक अवरुद्ध रहेको सडकको अरु खण्ड भने मर्मतसम्भार गर्न केही सहज रहेको उनले बताए।

प्रवेशद्वारमै पहिरो आएर सवारी रोकिएपछि माथिल्लो क्षेत्रका बासिन्दा खाद्यान्न ढुवानीको त्रासमा छन्। त्यत्ति मात्र नभई सुरु हुनै थालेको पदयात्रा सिजन प्रभावित हुने चिन्ता त्यस क्षेत्रका व्यवसायीको छ। अबको केही सातापछि सुरु हुने पदयात्राको सिजनमा बाटो अभावमा पाहुना आउन नसक्ने हुन् कि भन्ने चिन्ता व्यवसायीको छ। प्रवेशद्वारमा समस्या भए पनि पैदल हिँडाएर भए पनि पर्यटकलाई माथि उकाल्न सकिने प्रयासमा अहिले त्यस क्षेत्रका व्यवसायी जुटेका छन्।

'पहिला पनि पैदलयात्रा गरेकै बाटो हो। त्यसैले पदयात्रालाई त खासै समस्या हुँदैन। सहज रूपमा हिँड्न पाउने हो भने पर्यटक त खुसी नै हुनेछन् तर खाद्यान्न ढुवानीमा भने केही समस्या हुने त्रास छ', छोमरोङ पर्यटन व्यवसास्थापन समितिका सचिव दिलीप गुरुङ भन्छन्, 'प्रवेशद्वार खुलाउन गाउँपालिका जुटिसकेको छ। माथिल्लो भेगको क्षतविक्षत सडक मर्मत गर्न गाउँले पनि जुटेका छन्।'



अन्नपूर्ण आधारशिविर (एबिसी) क्षेत्रको पदमार्ग मर्मतसम्भार गर्दै स्थानीय। *तस्बिर : नागरिक*

उनका अनुसार यो बेला पर्यटन क्षेत्रमा अफसिजन हो। वर्षायामको यो सिजनमा निकै कम संख्यामा विदेशी पाहुना मास्तिर चढ्ने गर्दथे। त्यसैमा बाढीले अवरुद्ध गरेपछि दुई दिनसम्म पदयात्रा पनि रोकिएको थियो। अब भने पदयात्रालाई सुरु गराउन माथिल्लो भेगमा भत्किएको र बिग्रिएको सडक मर्मत गर्न थालिएको उनले बताए। गुरुङका अनुसार एबिसीसम्मको पदमार्गको छोमरोङभन्दा माथिल्लो भागमा पनि व्यापक क्षति पुगेको छ। भएको सडक मर्मतसम्भार गर्न थालेका छौं', उनले भने, 'यही क्षेत्रका पर्यटन व्यवसायी नै खटिएका छन्। २० जनाजति स्थानीय व्यवसायीले अहिले बाटो मर्मत गरिरहेका छन्। अब बाढी आएन भने सहज हुन्छ।' अबको केही दिनमा खच्चड हिँड्न मिल्ने गरी सडक मर्मत गर्ने उनले बताए।

'अहिलेका लागि त वीरेठाँटीमै बन्द छ तर पानी नपर्ने हो भने यो दूरी पदयात्रा गर्ने पर्यटक खुसी पनि हुन्छ। हिँडेरै चलेको पदमार्ग पनि हो तर खाद्यान्नमा समस्या हुने चिन्ता छ', उनले भने। उनका अनुसार असहज बाटोका बाबजुद मंगलबार ५० जनाजति विदेशी पर्यटक आधारशिविरतर्फ उक्लेका छन्।

**प्रवेशद्वारमै पहिरो आएर सवारी रोकिएपछि माथिल्लो क्षेत्रका बासिन्दा खाद्यान्न ढुवानीको त्रासमा छन्। त्यत्ति मात्र नभई सुरु हुनै थालेको पदयात्रा सिजन प्रभावित हुने चिन्ता त्यस क्षेत्रका व्यवसायीको छ।**

एबिसी पदमार्गमा पर्ने हिंकु खोलामा पछिल्लो तीनसाता अवधिमा तीन पटक पुल बगेको छ। खोलामाथि बनाएको अस्थायी पुल बग्ना साथ गाउँलेले बनाए पनि फेरि अर्को पटकको बाढीले बगाउने गरेको उनले बताए। त्यस्तै बम्बु खोलाको अस्थायी पुल पनि बाढीले बगाएको छ। त्यस्तै दोभान खोलाको पुल दुई पटकसम्म बगिसकेको छ।

'वीरेठाँटीको त गाउँपालिकाले नै बनाउँछ। राज्यको पनि नजर पुग्छ तर माथिल्लो क्षेत्रको पदमार्गप्रति कसैको ध्यान पुग्दैन। त्यही भएर हामी आफैं खटिएर खोलामा अस्थायी पुल बनाउने र क्षतविक्षत

'पोखराबाट वीरेठाँटी हुँदै तीन घण्टामा झिनुससम्म गाडीमा आएर त्यसपछि पदयात्रा सुरु हुन्थ्यो। अब भने वीरेठाँटीबाटै पदयात्रा सुरु हुन्छ। मोटरबाटो नखुलेसम्मका लागि केही बढी समय पदयात्रा गर्नुपर्नेछ', उनले भने, 'विदेशी पाहुना हिँड्न त खुसी नै हुन्छन् तर खाद्यान्न ढुवानीमा जोखिम हुने चिन्ता बढी हो।'

**कामना सेवा विकास बैंक लि.**
**Kamana Sewa Bikas Bank Ltd.**

**केन्द्रीय कार्यालयः**
ज्ञानेश्वर-३०, काठमाडौं
फोन नं.: +९७७-०१-५९७००३०
टोल फ्रि नं. १६६००-११-३०००
Email: customercare@kamanasewabank.com
www.kamanasewabank.com

## कर्जा चुक्ता भुक्तानी गर्न आउने सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०५/०३**

तपसिलमा उल्लिखित तपाइँ ऋणीहरुले यस विकास बैंकको विभिन्न शाखा कार्यालयबाट विभिन्न शीर्षक अर्न्तगत कर्जा लिनु भई बैंक र तहाँहरुबीच भएको सहमति अनुसार तोकिएको तालिका बमोजिम कर्जाको साँवा, ब्याज, हर्जाना, तथा अन्य दै-दस्तुर आदि नियमित रुपमा बुझाउनु पर्नेमा नतिरी नबुझाई लामो समय देखि बक्यौता राखी बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लंघन गर्नु भएकोले, बैंकले कर्जा चुक्ता भुक्तानीको लागि ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताहरुलाई पटक पटक मौखिक तथा लिखित रुपमा जानकारी तथा ताकेता गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी बस्नु भएकोले तपाइँ तपसिलमा उल्लिखित ऋणी, एवं व्यक्तिगत धनजमानी दिनेका नाममा कर्जा चुक्ता भुक्तानी गर्न आउने/लगाउने बारेको यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अतः यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र यस बैंकमा सम्पर्क राखी आफूले लिए खाएको कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर समेत चुक्ता भुक्तान गर्नुहोला । साथै, धितो जमानी तथा व्यक्तिगत जमानीकर्ताले समेत कर्जा चुक्ता भुक्तान गर्न लगाउनु हुन यसै सूचनाद्वारा सूचित गरिन्छ । अन्यथा धितो सुरक्षण बापत तपाईले यस बैंकको नाममा लेखी/लेखाई दिएको सम्पत्ति **(घर/जग्गा)** जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थाहरुलाई जारी गरेको एकीकृत निर्देशन तथा सोको प्रतिस्थापनमा आउने निर्देशन, परिपत्रहरु, बैंकको कर्जा असुली नीति, तथा अन्य सम्बद्ध ऐन, कानूनले दिएको अधिकार प्रयोग गरी धितोमा रहेको सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै उपयुक्त व्यवस्था गरी बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा यसै सूचनाबाट सूचित गरिन्छ । कथंकदाचित धितो लेखिदिएको सम्पत्ति कच्चा नकरा ठहरी वा अन्य कुनै कारणले लिलाम हुन नसकेमा वा लिलाम बिक्री हुँदा समेत यस बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा तपाईंहरुले कर्जा लिंदाका बखत यस बैंकलाई गरिदिएको लिखत अनुसार तपाईंहरुको घरघरानाको अन्य चलअचल सम्पत्तिबाट असुलउपर गर्नको लागि आवश्यक कानूनी कारबाही अघि बढाइने व्यहोरा समेत जानकारी गराइन्छ । साथै, तपसिलमा उल्लिखित ऋणीहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकबाट लिएको कर्जाको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन तथा नेपाल राष्ट्र बैंकको कर्जा सूचना तथा कालोसूची सम्बन्धी व्यवस्था तथा निर्देशन बमोजिम कर्जा सूचना केन्द्र लिमिटेडमा कालोसूचीमा नाम समावेश गर्नको लागि तिनपुस्ते विवरण सहित सिफारिस गरी पठाईने व्यहोरा समेत सम्बन्धित ऋणी, धितो/धनजमानतकर्ता तथा सम्बन्धित पक्ष सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीहरुको विवरण | धितो/धनजमानीकर्ताहरुको विवरण |
|---|---|---|
| १. | **वेवी कस्मेटीक पसल**<br>**प्रा.फ.र.न.: ३१९५४/०७०/०७१**<br>ठेगाना : रुपन्देही जिल्ला बुटवल न.पा. वडा नं.०६,<br>दर्ता गर्ने कार्यालय : वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय, रुपन्देही<br>स्थायी लेखा नं.: ६०१५३२८९२<br><br>**प्रोप्राईटर/जमानीकर्ता : जमाल मिया**<br>**ना.प्र.नं.: १३६५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, स्याङ्जा<br>बाबु : हवि उल्ला मिया<br>बाजे : अलि महम्मद मिया<br>ठेगाना : स्याङ्जा जिल्ला चण्डीकालिका गा.वि.स. वडा नं. ०९, हाल रुपन्देही जिल्ला बुटवल उप. महा.न.पा. वडा नं. ०९<br>**शाखा कार्यालय : बुटवल**<br>**कर्जा शीर्षक : सरल व्यापार कर्जा आवधिक तथा प्रोपाईटरको नाममा सजिलो लघु कर्जा (ओभरड्राफट)** | **अखतरी वेगम मुसलमान**<br>**ना.प्र.नं.: ९०१५५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>पति : जमाल मिया<br>ससुरा : हवि उल्ला मिया<br>ठेगाना : रुपन्देही जिल्ला सि.न नगर पञ्चायत वडा नं ०६, हाल रुपन्देही जिल्ला बुटवल उप.महा.न.पा वडा नं. ०९<br><br>**मोहम्मद सोहेल**<br>**ना.प्र.नं.: ३७-०२-७१-११६९०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, रुपन्देही<br>बाबु : जमाल मिया<br>बाजे : हवि उल्ला मिया<br>ठेगाना : रुपन्देही जिल्ला बुटवल उप.महा.न.पा वडा नं ११, हाल बुटवल उप.महा.न.पा वडा नं. ०९ |
| २. | **लक्ष्मण सुवेदी**<br>**ना.प्र.नं.: १८२१/०४४**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन<br>बाबु : कृष्ण प्रसाद सुवेदी<br>बाजे : खडानन्द सुवेदी<br>ठेगाना : चितवन जिल्ला फुलबारी गा.वि.स. वडा नं.०९, हाल भरतपुर महा.न.पा.वडा नं.१५<br>**शाखा कार्यालय : हाकिमचोक**<br>**कर्जा शीर्षक : घर कर्जा**<br><br>**धितो/धनजमानीकर्ताहरुको विवरण**<br>**जमुना पौडेल सुवेदी**<br>**ना.प्र.नं. : ४२०१९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन<br>पति : लक्ष्मण सुवेदी<br>ससुरा : किस्न प्रसाद सुवेदी<br>ठेगाना : चितवन जिल्ला फुलबारी गा.वि.स/उ.म.न.पा.वडा नं.०९, हाल भरतपुर महा.न.पा.वडा नं.१५<br><br>**मिना सापकोटा**<br>**ना.प्र.नं.: ३५१०२३/३१८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन<br>पति : राम प्रसाद सुवेदी<br>ससुरा : किस्न प्रसाद सुवेदी<br>ठेगाना : चितवन जिल्ला पटिहानी गा.वि.स/उ.म.न.पा.वडा नं.०८, हाल भरतपुर महा.न.पा.वडा नं.१५ | **किस्न प्रसाद सुवेदी**<br>**ना.प्र.नं. : १६४८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, नवलपरासी<br>बाबु : खडानन्द सुवेदी<br>बाजे : जय मंगल सुवेदी<br>ठेगाना : नवलपरासी जिल्ला देवचुली न.पा. वडा नं.१६, हाल चितवन जिल्ला भरतपुर महा.न.पा. वडा नं.१५<br><br>**अन्न पूर्ण सुवेदी**<br>**ना.प्र.नं. : ६६७**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन<br>पति : किस्न प्रसाद सुवेदी<br>ससुरा : खडानन्द सुवेदी<br>ठेगाना : चितवन जिल्ला नारायणपुर नगर/गाउँ पञ्चायत वडा नं.०९, हाल भरतपुर महा.न.पा. वडा नं.१५<br><br>**राम प्रसाद सुवेदी**<br>**ना.प्र.नं.: १८२०/४४/४५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, चितवन<br>बाबु : किस्न प्रसाद सुवेदी<br>बाजे : खडानन्द सुवेदी<br>ठेगाना : चितवन जिल्ला फुलबारी नगर/गाउँ पञ्चायत वडा नं.०९, हाल भरतपुर महा.न.पा. वडा नं.१५ |
| ३. | **निर कन्स्ट्रक्सन प्रा.लि.**<br>**दर्ता नं : १६७७००/७३/०७४**<br>ठेगाना : काठमाडौं जिल्ला का.म.न.पा. वडा नं.०७<br>दर्ता गर्ने कार्यालयः कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौ<br>स्थायी लेखा नं. : ६०५९५८५६२<br><br>**अख्तियारप्राप्त/जमानीकर्ता : लिलामणी ज्ञवाली**<br>**ना.प्र.नं.: ४११०२१-७३८२१**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गुल्मी<br>बाबु : डिलीराज ज्ञवाली<br>बाजे : सूर्य प्रसाद ज्ञवाली<br>ठेगाना : गुल्मी जिल्ला बलेटक्सार गा.वि.स. वडा नं.०२<br>हाल : गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. वडा नं.०४<br>**शाखा कार्यालय : बुटवल**<br>**कर्जा शीर्षक : मध्यम व्यापार कर्जा (अधिविकर्ष र आवधिक)**<br><br>**धितो/धनजमानीकर्ताहरुको विवरण**<br>**डिलीराज ज्ञवाली**<br>**ना.प्र.नं. : २४३२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गुल्मी<br>बाबु : सूर्य प्रसाद ज्ञवाली<br>बाजे : त्तिलोचन ज्ञवाली<br>ठेगाना : गुल्मी जिल्ला बलेटक्सार गाउँ पञ्चायत वडा नं.०८<br>हाल : गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. वडा नं.०४<br><br>**फर्सुराम ज्ञवाली**<br>**ना.प्र.नं. : ४११०२१-९९७६१**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गुल्मी ।<br>बाबु : डिलीराज ज्ञवाली<br>बाजे : सूर्य प्रसाद ज्ञवाली<br>ठेगाना : गुल्मी जिल्ला बलेटक्सार गा.वि.स. वडा नं.०२<br>हाल : गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. वडा नं.०४ | **चन्द्रकला चुदाली**<br>**ना.प्र.नं.: २१३२**<br>जारी गर्ने कार्यालय : श्री ५को सरकार, जिल्ला कार्यालय, गुल्मी<br>पति : डिलीराज ज्ञवाली<br>ससुरा : सूर्य प्रसाद ज्ञवाली<br>ठेगाना : गुल्मी जिल्ला विरवास गाउँ पञ्चायत वडा नं. ०३,<br>हाल : गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. वडा नं.०४<br><br>**आसा पौडेल**<br>**ना.प्र.नं.: ४१-०१-७३-०४६७२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गुल्मी<br>पति : फर्सुराम ज्ञवाली<br>ससुरा : डिलीराज ज्ञवाली<br>ठेगाना : गुल्मी जिल्ला रिमुवा गा.वि.स.वडा नं. ०९<br>हाल : गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. वडा नं.०४<br><br>**ईन्दु कंडेल ज्ञवाली**<br>**ना.प्र.नं.: ४१-०१-७६-०४२१२**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गुल्मी<br>पति : लिलामणी ज्ञवाली<br>ससुरा : डिलीराज ज्ञवाली<br>ठेगाना : गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. वडा नं..०४<br>हाल : गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. वडा नं.०४<br><br>**राधा कडेल**<br>**ना.प्र.नं. : ४१३०२०/२५**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, गुल्मी<br>पति : विष्णु प्रसाद कडेल<br>ससुरा : प्रेम नारायण कडेल<br>ठेगाना : गुल्मी जिल्ला दिगाम गा.वि.स./उ.म.न.पा. वडा नं.०१<br>हाल गुल्मी जिल्ला रुरुक्षेत्र गा.पा. वडा नं.०४ |
| ४. | **क्वालिटी पलाष्टिक उद्योग**<br>**प्रा.फ.र.न.: ३७३/४९७७/०६८/६९**<br>ठेगाना : गैडाकोट-०९, नवलपरासी<br>दर्ता गर्ने कार्यालय : घरेलु तथा साना उद्योग कार्यालय नवलपरासी<br>स्थायी लेखा नं.: ६००६०७५३१<br><br>**प्रोप्राईटर/जमानीकर्ता : हफिजुल्लाह खाँ पैठान**<br>**ना.प्र.नं.: ३३३०३९/२९१८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>बाबु : लाल महमद खाँ<br>बाजे : हनिप खान<br>ठेगाना : बारा जिल्ला प्रशुरामपुर गा.वि.स/उ.म.न.पा वडा नं. ०८, हाल नवलपरासी जिल्ला गैडाकोट न.पा वडा नं.०९<br><br>**शाखा कार्यालय : नारायणगढ**<br>**कर्जा शीर्षक : साना व्यापार कर्जा आवधिक तथा अधिविकर्ष कर्जा ।** | **महमद जिकरुल्लाह खाँ**<br>**ना.प्र.नं.: ३३-०१-७६-०६३६८**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>बाबु : हफिजुल्लाह खाँ पैठान<br>बाजे : लाल महमद खाँ<br>ठेगाना : बारा जिल्ला सुवर्ण गा.पा वडा नं ०८, हाल नवलपरासी जिल्ला गैडाकोट न.पा वडा नं.०९<br><br>**महमद सदर आलम खाँ**<br>**ना.प्र.नं.: ३३-०१-७६-०६३७१**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, बारा<br>बाबु : हफिजुल्लाह खाँ पैठान<br>बाजे : लाल महमद खाँ<br>ठेगाना : बारा जिल्ला सुवर्ण गा.पा वडा नं. ०८, हाल नवलपरासी जिल्ला गैडाकोट न.पा वडा नं.०९<br><br>**रेहाना खातुन**<br>**ना.प्र.नं.: ३३१०३९/४०७४**<br>जारी गर्ने कार्यालय : नेपाल सरकार, गृह मन्त्रालय<br>पति : हफिजुल्लाह खाँ पैठान<br>ससुरा : लाल महमद खाँ<br>ठेगाना : बारा जिल्ला प्रशुरामपुर गा.वि.स/उ.म.न.पा वडा नं. ०८, हाल नवलपरासी जिल्ला गैडाकोट न.पा वडा नं.०९ |
| ५. | **रवि वराल**<br>**ना.प्र.नं.: ३६२०१४-९६९**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, निवलपरासी (ब.सु.पू)<br>बाबु : पुष्प राज वराल<br>बाजे : रगुपती वराल<br>ठेगाना : निवलपरासी (ब.सु.पू) जिल्ला देवचुली न.पा.वडा नं.१३<br>**शाखा कार्यालय : कावासोती**<br>**कर्जा शीर्षक : सजिलो लघु कर्जा आवधिक** | **कविता सुवेदी वराल**<br>**ना.प्र.नं.: ३६२००८-३१७०**<br>जारी गर्ने कार्यालय : जिल्ला प्रशासन कार्यालय, निवलपरासी (ब.सु.पू)<br>पति : रवि वराल<br>ससुरा : पुष्प राज वराल<br>ठेगाना : निवलपरासी (ब.सु.पू) जिल्ला देवचुली न.पा. वडा नं.१३ |

**नोट :** :यस बैंकबाट कर्जा लिई तोकिएको तालिका बमोजिम साँवा ब्याज नियमित रुपमा नबुझाई भाखा नघाई बस्नु भएका अन्य ग्राहकहरुलाई समेत नियमित रुपमा किस्ता बुझाउनको लागि यसै सूचनाद्वारा जानकारी गराइन्छ। अन्यथा ऋणी, धितो तथा व्यक्तिगत धनजमानतकर्ताको तिनपुस्ते विवरण सहित राष्ट्रिय स्तरका पत्रिकामा यसै बमोजिमको सूचना प्रकाशन गरिने व्यहोरा सूचित गरिन्छ ।

## ४२० मेगावाट तिला-२ जलविद्युत्को लगानी सम्झौता



**ललित विष्ट**

*कालीकोट, भदौ २*

कालीकोट ऊर्जा तिला पावर कम्पनीद्वारा प्रवर्धित ४२० मेगावाट क्षमताको तिला २ जलविद्युत् आयोजनाका लागि एभरेस्ट बैंक लिमिटेडको अगुवाइमा विभिन्न बैंक तथा वित्तीय संस्थासँग लगानी सम्झौता सम्पन्न भएको छ। कालीकोटमा निर्माण हुने आयोजनामा लगानी गर्ने कर्न्सोटियम बैंकहरूमा सहअगुवाका रूपमा सानिमा बैंक छ भने प्राइम कमर्सियल बैंक, एनआईसी एसिया बैंक, र ग्लोबल आईएमई बैंक को लिड बैंक छन्।

त्यसैगरी सहभागी बैंकमा सिद्धार्थ बैंक, नबिल बैंक, नेपाल इन्फ्रास्ट्रक्चर बैंक, कृषि विकास बैंक, मुक्तिनाथ विकास बैंक र कामना सेवा विकास बैंक छन्। उक्त आयोजनाअन्तर्गत कालीकोट जिल्लाको तिलागुफा नगरपालिकामा बाँध तथा खाँडाचक्र नगरपालिकामा विद्युत् गृह निर्माण गरिने छ। दैनिक ६ घण्टासम्म पिकिङ अवधारणामा सञ्चालन गर्न सकिने अर्धजलाशययुक्त पिआरओआर प्रकृतिको आयोजनाको कुल लागत ७० अर्ब ७ करोड बराबर छ। कुल लागतको ७५ प्रतिशत अर्थात् ५२ अर्ब ५५ करोड रुपैयाँ बैंक तथा वित्तीय संस्थाबाट ऋणका रूपमा जुटाइने छ भने बाँकी २५ प्रतिशत अर्थात् १७ अर्ब ५२ करोड स्वपुँजीबाट व्यवस्थापन गरिने छ। कम्पनीले आयोजना प्रभावित क्षेत्रका बासिन्दा तथा सर्वसाधारणका लागि २० प्रतिशत सेयरसमेत छुट्याएको छ। आयोजनाले २०७५ भदौ ७ गते विद्युत् विकास विभागबाट विद्युत् उत्पादन अनुमति प्राप्त गरिसकेको छ भने २०८१ कात्तिक ७ गते नेपाल विद्युत् प्राधिकरणसँग २९६.७४ मेगावाट क्षमताका लागि विद्युत् खरिद बिक्री सम्झौता पिपिए सम्पन्न गरेको छ।

आयोजना निर्माण सुरु भएको चार वर्षभित्र सम्पन्न गर्ने लक्ष्य छ। सञ्चालनमा आएपछि सुक्खायाममा दैनिक ६ घण्टा पिकिङ क्षमतामा सञ्चालन हुने यो आयोजनाबाट कुल वार्षिक २३१८.७९ गिगावाट आवर विद्युत् उत्पादन हुने र त्यसमध्ये सुक्खायामको पिक समयमा ४५१.०५ गिगावाट आवर, अफ पिक समयमा २०५.४५ गिगावाट आवर र वर्षायाममा १६६२.२९ गिगावाट आवर उत्पादन भई राष्ट्रिय प्रसारण प्रणालीमा जोडिने छ। लगानी सम्झौता सम्पन्न भएसँगै आयोजनाको वित्तीय व्यवस्थापनको महत्त्वपूर्ण चरण पूरा भएको छ। उच्च माग हुने समयमा विद्युत् उत्पादन गर्न सक्ने प्रकृतिको यस आयोजनाले राष्ट्रिय विद्युत् प्रणालीको आपूर्तिमा थप योगदान पुऱ्याउने विश्वास गरिएको छ। यस आयोजनाका मुख्य प्रवर्धकमा स्ट्रिम इन्भेस्टमेन्ट, ऊर्जा इम्प्याक्ट फन्ड, रविन्स युएसएलगायत संस्थागत तथा व्यक्तिगत लगानीकर्ता छन्।

## वर्गीकृत विज्ञापन/डिस्प्ले

**काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना**

पहिलो पटक प्रकाशन मिति २०८३।०५।०३

यस जलजला सामुदायिक वन उपभोक्ता समुह बारबर्दिया न. पा. ०३, वानियाभार, बर्दियाको सामुदायिक वन क्षेत्रबाट आ.व. २०८२/०८३ मा उत्पादन भई घाट गद्दीमा मौज्दात रहेको विभिन्न जात र ग्रेडको गोलिया थान २५ को १५४।९६ घ.फि. काठ तथा दाउरा १३ चट्टाजे जस्तो अवस्थामा छ, सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। काठ/दाउरामा आधारित उद्योग संचालन गर्न अनुमति प्राप्त गरी संचालनमा रहेको उद्योगहरुले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरी २२ औं दिनको १२:०० बजे भित्र शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । यस सम्बन्धी बिस्तृत जानकारीको लागी यस समूहमा सम्पर्क राख्नु हुन जानकारी गराईन्छ । पूर्ण व्यहोराको सूचना यस समूहको सूचना पाटीमा टाँस गरिएको छ।

**श्री जलजला सामुदायिक वन उपभोक्ता समुह,**
बारबर्दिया न.पा. ०३ वानियाभार, बर्दिया।
मो.नं. ९८६६७७४८२३

**सम्पर्क**

**फ्लेक्स प्रिन्ट सम्बन्धी सम्पूर्ण कामहरु गर्नुपरेमा हामीलाई सम्पर्क गर्नुहोस्: ९८४९३३३५९०**

**घरजग्गा बिक्रीमा**

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा: 9841420589

**वर्गीकृत डिस्प्ले**

**कलर प्रति बक्स**
१X५ = रू.१८००/-* मात्र
१X१० = रू.४०००/-* मात्र

**श्याम/श्वेत प्रति बक्स**
१X५ = रू.१२५०/-* मात्र
१X१० = रू.२८००/-* मात्र

*मू.अ.क. बाहेक

मार्केटिङ विभागः ४२६५१०० एक्सटेन्सन ३१२
email: classified@nagariknews.com

## महालक्ष्मी विकास बैंकका ग्राहकलाई विशेष छुट




काठमाडौं, भदौ २ (नागरिक)- महालक्ष्मी विकास बैंक लिमिटेडले आफ्ना ग्राहकलाई विभिन्न सेवा तथा सुविधामा विशेष छुट उपलब्ध गराउन स्वास्थ्य, होटल तथा रेस्टुरेन्ट क्षेत्रका संस्थासँग सम्झौता गरेको छ। सम्झौतापछि बैंकका डेबिट कार्ड, क्रेडिट कार्ड तथा मोबाइल बैंकिङ प्रयोग गर्ने ग्राहकले सम्बन्धित संस्थाका सेवामा छुट पाउने भएका छन्।

सम्झौताअनुसार चितवनको कुरिनटारस्थित मनकामना हिल क्रेष्ट होटलमा आवास तथा रेस्टुरेन्ट सेवामा १२.५ प्रतिशतसम्म, काठमाडौंको ठमेलस्थित एलोफ्टमा खाना तथा पेय पदार्थमा १५ प्रतिशतसम्म र लाजिम्पाटस्थित एल्लो हात्तीमा उपहार सामग्री खरिदमा १० प्रतिशतसम्म छुट पाइनेछ।

त्यस्तै बुद्धनगरस्थित अल्फा केयर डाइग्नोस्टिक सेन्टरमा स्वास्थ्य परीक्षण तथा प्रयोगशाला सेवामा र कलंकीस्थित दृष्टि आई केयरमा आँखा, नाक, कान तथा घाँटी उपचारमा २० प्रतिशतसम्म छुटको व्यवस्था गरिएको बैंकले जनाएको छ। दरबारमार्गस्थित ओरियन्ट क्याफे र हेटौंडाको होटल स्मारकमा खाना तथा आवास सेवामा १५ प्रतिशतसम्म छुट पाइनेछ।

बैंकले ग्राहकको सुविधा विस्तार गर्ने उद्देश्यले यस्ता साझेदारीलाई निरन्तरता दिने जनाएको छ। साथै काठमाडौंको ज्ञानेश्वरमा कफी लाउन्जसहित डिजिटल हब सञ्चालनमा ल्याएको बैंकले जनाएको छ।

## मुक्तिनाथ विकास बैंकका ग्राहकलाई बर पीपल रिसोर्टमा छुट



काठमाडौं, भदौ २ (नागरिक)- मुक्तिनाथ विकास बैंक लिमिटेडले आफ्ना ग्राहकलाई थप सेवा तथा सुविधा उपलब्ध गराउने उद्देश्यले पोखरास्थित बर पीपल रिसोर्टसँग विभिन्न सेवामा विशेष छुट दिने सम्झौता गरेको छ।

सम्झौताअनुसार बैंकका ग्राहकले रिसोर्टमा खाना, आवास तथा स्पा सेवामा १० देखि २० प्रतिशतसम्म छुट पाउनेछन्। त्यस्तै ६ जनाभन्दा बढीको समूहमा बुकिङ गर्दा एक जनाका लागि आवाससहित ब्रेकफास्ट, लन्च र डिनर निःशुल्क उपलब्ध गराइने बैंकले जनाएको छ। छुट तथा सुविधा लिन ग्राहकले बैंकको मान्य डेबिट वा प्रिभिलेज कार्ड रिसोर्टमा प्रस्तुत गर्नुपर्नेछ। बैंकको मोबाइल बैंकिङमार्फत भुक्तानी गर्दा पनि उक्त सुविधा लिन सकिनेछ।

यसैबिच मुक्तिनाथ विकास बैंकले आधारदरमा शून्य प्रतिशत प्रिमियममा समेत लगानी गर्न सकिने अटो लोन सञ्चालनमा ल्याएको जनाएको छ। बैंकले ग्राहकलाई बैंकिङ सेवासँगै विभिन्न व्यावसायिक तथा उपभोक्ता सुविधामा सहुलियत उपलब्ध गराउने रणनीतिअनुसार साझेदारी विस्तार गर्दै आएको छ।

## मल्टीपर्पस फाइनान्सको नाफामा सुधार खराब कर्जा घट्यो

काठमाडौं, भदौ २ (नागरिक)- मल्टीपर्पस फाइनान्स लिमिटेडले आर्थिक वर्ष २०८२/८३ को चौथो त्रैमासमा चार करोड ४४ लाख ६० हजार रुपैयाँ खुद नाफा कमाएको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा ७१ लाख एक हजार रुपैयाँ घाटामा रहेको कम्पनी नाफामा फर्किएको हो। वार्षिक खुद नाफा भने पाँच करोड ४३ लाख ४७ हजार रुपैयाँ पुगेको छ।

**मल्टीपर्पस फाइनान्स लिमिटेड**
**Multipurpose Finance Ltd.**
**कर्पोरेट कार्यालय:** जनकपुरधाम ४, विधापति चौक, सम्पर्क नं. ०४१-५९११७०
Email: mfclfin43@gmail.com, website: www.multipurposefinance.com

कम्पनीको कुल सम्पत्ति चार अर्ब ५६ करोड ८२ लाख रुपैयाँ पुगेको छ। कर्जा तथा सापटी लगानी दुई अर्ब ३३ करोड ७४ लाख र ग्राहक निक्षेप तीन अर्ब ७५ करोड ९१ लाख रुपैयाँ पुगेको वित्तीय विवरणमा उल्लेख छ। खुद ब्याज आम्दानी पनि बढेर आठ करोड ४१ लाख २५ हजार रुपैयाँ पुगेको छ।

कम्पनीको खराब कर्जा अनुपात ६.०९ प्रतिशतबाट घटेर ३.३० प्रतिशतमा झरेको छ। क्यापिटल फन्ड टु रिस्क वेटेड एसेट्स अनुपात २२.६७ प्रतिशत पुगेको छ। वार्षिक प्रतिसेयर आम्दानी आठ रुपैयाँ ९१ पैसा कायम भएको छ।

## बिवाइडीका गाडीमा एनसेलको आइओटी सिम




काठमाडौं, भदौ २ (नागरिक)- एनसेल र नेपालका लागि बिवाइडीको वितरक साइमेक्स इन्कबीच कनेक्टेड भेहिकल सेवा उपलब्ध गराउनेसम्बन्धी साझेदारी भएको छ। सम्झौताअनुसार नेपालमा बिक्री हुने बिवाइडीका नयाँ सवारी साधनमा एनसेलको इन्टरनेट अफ थिङ्स (आइओटी) सिम जडान गरिनेछ।

आइओटी सिममार्फत गाडीमा छुट्टै उपकरण, मोबाइल हटस्पट वा फोन कनेक्ट नगरी इन-भेइकल इन्टरनेट सुविधा उपलब्ध हुनेछ। यसबाट बिवाइडी एप इकोसिस्टमसँगै युट्युब, स्पोटिफाइ, काराओकेलगायतका कनेक्टेड इन्फोटेनमेन्ट सेवा प्रयोग गर्न सकिने कम्पनीले जनाएको छ। सेवाको उपलब्धता भने गाडीको मोडल, सफ्टवेयर र नेपालमा उपलब्ध सेवाअनुसार फरक हुनेछ।

एनसेलका अनुसार ग्राहकले देशभरको नेटवर्क कभरेजमार्फत कनेक्टिभिटी सुविधा पाउनेछन्। नयाँ ग्राहकसँगै यसअघि बिवाइडी गाडी खरिद गरिसकेका ग्राहकले पनि सेवा लिन सक्नेछन्। त्यसका लागि नेपालका १३ स्थानमा रहेका बिवाइडीका आधिकारिक सर्भिस सेन्टरबाट आईओटी सिम जडान गर्न सकिनेछ।

साइमेक्सका प्रमुख कार्यकारी अधिकृत साहिल श्रेष्ठले साझेदारीले बिवाइडीका इन्टेलिजेन्ट सुविधाको प्रयोगलाई थप सहज बनाउने बताए। कनेक्टिभिटी प्लान, अवधि र शुल्क भने सवारीसाधन तथा सेवा प्याकेजअनुसार निर्धारण हुने जनाइएको छ।

## भारत-नेपाल डिजिटल भुक्तानी कनेक्टिभिटी विस्तार




काठमाडौं, भदौ २ (नागरिक)- भारत र नेपालबिच डिजिटल भुक्तानी प्रणालीमार्फत सीमापार कारोबार थप सहज बन्ने भएको छ। नेसनल पेमेन्ट्स कर्पोरेसन अफ इन्डिया (एनपिसिआई) को अन्तर्राष्ट्रिय शाखा एनपिसिआई इन्टरनेसनल पेमेन्ट्स लिमिटेड (एनआइपिएल) ले दुई देशबिच निर्बाध डिजिटल भुक्तानी कनेक्टिभिटी विस्तार गर्ने प्रतिबद्धता दोहोर्‍याएको हो।

युपिआईमार्फत भारतीय यात्रुले नेपालका विभिन्न व्यावसायिक प्रतिष्ठानमा क्युआर कोड स्क्यान गरी तत्काल भुक्तानी गर्न सक्नेछन्। यसले नेपाल भ्रमण गर्ने भारतीय पर्यटकलाई नगद बोकेर हिँड्नुपर्ने तथा मुद्रा साट्नुपर्ने झन्झट घटाउने अपेक्षा गरिएको छ। चन्द्रागिरि हिल्स, मनकामना मन्दिर र पशुपतिनाथलगायतका स्थलमा समेत युपीआई भुक्तानी सुविधा उपलब्ध रहेको जनाइएको छ।

एनआइपिएल र नेपाल क्लियरिङ हाउसबिचको युपिआई-एनपिआई सम्बन्धमार्फत भारत र नेपालबिच 'पर्सन-टु-पर्सन' रियल-टाइम रकम स्थानान्तरणको सुविधा पनि उपलब्ध भएको छ। मोबाइल नम्बर वा भर्चुअल पेमेन्ट एड्रेसमार्फत रकम पठाउन सकिने भएकाले बैंक खाता विवरण आदानप्रदानको आवश्यकता नपर्ने जनाइएको छ। सन् २०२५ मा दुई लाख ९० हजारभन्दा बढी भारतीय पर्यटक नेपाल आएका थिए।

